

निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com



PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



kirloskar Oil Engines




अधिकृत बिक्रेताः
महाकाली इन्टरनेशनल प्रा.लि.
मुर्ली, वीरगंज-१३, पर्सा
मोः ९८५५०२२५८०



❖ वर्ष ३५ ❖ २०७९ वैशाख ३० गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2022 May 13 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २५४


## मतदानको तयारी पूरा

प्रस, वीरगंज, २९ वैशाख/

शुक्रवार हुने स्थानीय तह सदस्यको परिचयपत्र वितरण कार्य आजसम्म जारी रह्यो। मतदान स्थल तथा केन्द्रमा सहमति अनुसार टेन्ट गाड्ने, डोरीको बार लगाएर मतदान व्यवस्थित गर्ने कार्यहरू भइरहेका छन् ।




तस्वीरः तिवारी यादव

निर्वाचनको लागि पर्सा जिल्लाका मतदानस्थलहरूमा तयारी अन्तिम चरणमा पुगेको छ ।

वैशाख २८ गते बुधवारदेखि मतदानस्थलमा खटेका कर्मचारीहरूले सर्वदलीय बैठक गरेर निर्वाचन स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण तरीकाबाट सम्पन्न गर्न उम्मेदवारहरूलाई सहमति गराएका थिए । हिजैदेखि शुरू भएको मतदाता

शुक्रवार बिहान ७ देखि साँझ ५ बजेसम्म मतदान हुने बताइएको छ । मतदान गर्ने व्यक्ति ५ बजेभित्र मतदान स्थल तथा केन्द्रमा प्रवेश गरेको खण्डमा उसले मतदान गर्न पाउने तर ५ बजेपछि आउने मतदाताले मतदान गर्न नपाउने जिल्ला निर्वाचन कार्यालयले जानकारी दिएको छ । यसैगरी, मतदाता नामावलीमा नाम भएको तर मतदाता परिचयपत्र नभएका व्यक्तिहरूले नागरिकता, सवारी चालक अनुमतिपत्र, लालपुर्जा, राहदानी देखाइ मतदान गर्न पाउने बताइएको छ । मतदाता नामावलीमा नाम भएका मतदाताले मात्र यस प्रकारको सुविधा पाउने तर नाम नभएकाले मतदान गर्न नपाउने मतदान अधिकृतहरूले प्रस्ट पारेका छन् ।

## सेढवाका मुसहरहरू मतदानबाट वञ्चित

ओमप्रकाश चौधरी, सेढवा, २९ वैशाख/

पर्साको जीराभवानी गाउँपालिका वडा नं २ सेढवाको मुसहर बस्तीका आधाभन्दा बढी नागरिक मतदानबाट वञ्चित हुने भएका छन् ।



जीराभवानी गाउँपालिका वडा नं २ सेढवाको मुशहर बस्ती । तस्वीरः प्रतीक

सो बस्तीमा दलित, मुसहर, दुसाद गरी ८९ परिवारको बसोबास छ । निर्वाचन आयोगबाट प्राप्त तथ्याङ्क अनुसार यस बस्तीमा ७४ जनाको मतदाता परिचयपत्र छ। जसमध्ये कतिपय मतदाताको मृत्यु भइसकेको छ भने कतिपय रोजगारका लागि भारतमा रहेको स्थानीयले बताएका छन् ।

बस्तीका प्रकाश माझी मुसहरले सो बस्तीका अधिकांशको नागरिकता प्रमाणपत्र नभएको कारण मतदाता परिचयपत्र बन्न नसकेको बताए। उनले नागरिकता प्रमाणपत्रको अभावमा उनीहरू मतदानबाट वञ्चित हुने बताए। उनले यस बस्तीका अधिकांशले स्थानीय तहको निर्वाचनबाहेक प्रदेश तथा सङ्घीय निर्वाचनमा समेत मतदान गर्न नपाएको बताए ।

बस्तीका मिथुन माझीले नागरिकता नभएको कारण जग्गा-जमीन खरीद, वैदेशिक रोजगार तथा सरकारी सेवाबाट वञ्चित भएको गुनासो गरे । वर्षौंदेखि बसोबास गर्दै आएका यस बस्तीका कैयौं बासिन्दाको नागरिकताविहीन अवस्थामा नै मृत्यु भइसकेको पनि उनले बताए । सो बस्तीका बासिन्दाको नागरिकता नभएको कारण जनप्रतिनिधिहरूले हेर्ने दृष्टिकोण पनि फरक भएको उनको जिकिर छ ।

उनले स्थानीय जनप्रतिनिधि, प्रदेश तथा सङ्घीय सांसदहरूले निर्वाचनको समयमा आफू निर्वाचित भए नागरिकता बनाउन पहल गर्ने आश्वासन दिए पनि हालसम्म कसैले पनि केही नगरेको बताए ।

जीराभवानी गापा-२ का वडासचिव रञ्जीता पौडेलले नेपाल सरकारले २०६३ सालमा नागरिकता टोली पठाइ केही नागरिकको जन्मसिद्ध, जन्मको आधारमा नागरिकता प्रदान गरेकामा हालसम्म त्यस्ता नागरिकका छोरा, बुहारी, पत्नीलगायतका नागरिकता बनाउन बन्द गरेको कारण यहाँ बासिन्दाहरूले नागरिकता नपाएको बताइन् ।

## लक्ष्मणवामा युवकको शङ्कास्पद मृत्यु

प्रस, वीरगंज, २९ वैशाख/

वीरगंज महानगर-१५ लक्ष्मणवामा एकजना युवकको शव शङ्कास्पद अवस्थामा फेला परेको छ । प्रतिमाचोकनिर स्थानीय मदिरापसलको बाहिरपट्टिको छानोको पाइपमा पासो लगाएर झुन्डिएको अवस्थामा सोही वडाका ४० वर्षीय सन्देश पटेल मृत फेला परेका हुन् ।



प्रतीमाचोकनजीकै रक्सी पसल अगाडि झुन्डिएको अवस्थामा भेटिएको पटेलको शव । तस्वीरः प्रतीक

प्रहरीको प्रारम्भिक अनुसन्धानमा पटेलको मृत्यु शङ्कास्पद देखाएको छ । पासो लगाएको अवस्थामा पटेल मृत फेला परे पनि मृतकको खुट्टा भुइँमा टेकिएको अवस्थामा रहेकोले हत्या गरी झुन्ड्याइएको हुन सक्ने आशङ्का गरिएको छ। प्रहरीले शल्यपरीक्षणपछि तथ्य कुरा बाहिर आउने बताएको छ। बिहान साढे सात बजे पटेल सो ठाउँमा झुन्डिएको अवस्थामा फेला परेपछि स्थानीयले प्रहरीमा खबर गरेका थिए ।

## मौन अवधिमा मदिरा, मासु र पैसाको खोलो


प्रस, वीरगंज, २९ वैशाख/

मौन अवधिमा वीरगंज महानगरमा मासु-मदिरा र नगद वितरणका घटनाहरू सार्वजनिक भएका छन् । मङ्गलवार वैशाख २७ गते राति १२ बजेदेखि मौन अवधि शुरू भएको थियो र यो अवधिमा कुनै पनि प्रकारका चुनावीलक्षित कार्यक्रम गर्न निषेध गरिए पनि उम्मेदवारहरूले मतदाता रिझाउने कार्यलाई निरन्तरता दिएका छन् ।

बुधवार वीरगंज महानगर-१, २, ३ मा धेरैजना मतदाताको घरमा मासुका पोका पठाइएको थियो। एक किलो मासु कालो प्लास्टिकको झोलामा राखेर मतदाताको घरमा पुऱ्याउने जस्ता कार्य भएका सो ठाउँका बासिन्दाहरूले बताए ।

यसैगरी, यो अवधिमा मदिरा निषेध गरिए पनि मतदाताहरूलाई मदिरासहितको भोजभतेरलाई निरन्तरता दिइएको थियो । बुधवार पनि वीरगंज महानगरका टोलटोलमा समूह बनाएर मिनी पिकनिक गरिएको थियो। १०-१५ जनाको समूहमा यस्ता भोजहरू टोलटोलमा भएका थिए ।

यसैगरी, यो अवधिमा नगद वितरण पनि गरियो। विगतदेखि नै मौन अवधिमा रकम वितरण हुने परम्पराले यसपालिको चुनावमा निरन्तरता पायो ।




विभिन्न वडामा रकम वितरण कार्य रोक्नका लागि उम्मेदवारहरूले कार्यकर्ता खटाएका थिए । वीरगंज महानगर-३ मा रकम वितरण गर्न आएको भनेर राति ११:३० बजेसम्म एकजना नेतालाई स्थानीयले होहल्ला गरी घेराउ गरेका थिए । पछि ठूलो सङ्ख्यामा प्रहरी परिचालित भएर ती नेतालाई सुरक्षित घर पुऱ्याइएको थियो ।

यस प्रकारका घटनाहरू वीरगंजका थुप्रै ठाउँमा घटेका छन् । मानिसहरू आर्थिक चलखेल नहोस् भनेर वडाका टोलहरूमा निगरानी गरेर बसेका छन्। बिहीवार पनि यसै प्रकारका गतिविधि हुन सक्ने सम्भावना भएकोले टोलटोलमा खबरदारी गर्न मानिसहरू तैनाथ गरिएका छन् ।

## बारामा खुलेआम मादक पदार्थ बिक्री

प्रस, बारा, २९ वैशाख/

मौन अवधिमा पनि बारामा राति खुलेआम मदिरा बिक्री भइरहेको समाचार छ ।

शुक्रवार हुने स्थानीय तहको निर्वाचनलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय, बाराले मादक पदार्थ ओसारपसार, बिक्री वितरण तथा सेवनमा रोक लगाएको छ तर बारामा मादक पदार्थ बिक्री वितरण खुलेआम भइरहेको छ ।

बाराका सबै पालिकामा खुलेआम मादक पदार्थ ओसारपसार, बिक्री वितरण तथा सेवन भइरहे पनि सम्बन्धित निकाय मौन देखिन्छ। बुधवार राति ९ बजेसम्म पनि बाराका विभिन्न ठाउँमा मादक पदार्थ बिक्री भइरहेको स्थानीयले जनाएका छन् ।

बाराका प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटवालले बारामा १६ वटै पालिकामा मादक पदार्थ निषेध भएकाले कोही कसैले उल्लङ्घन गरेको भए




मौन अवधिमा बाराको एउटा मदिरा पसलमा मदिरा सेवन गर्दै । तस्वीरः सौजन्य

कारबाई गरिने जानकारी दिए ।

जिप्रका, बाराले सोमवार जारी गरेको सूचनामा स्थानीय तह निर्वाचन निर्देशिका २०७८ दफा ७१ (मादक पदार्थ निषेध गर्ने)मा भएको व्यवस्थाको कार्यान्वयनका लागि मादक पदार्थको ओसारपसार, बिक्री वितरण र सेवनमा कडाइ गरेको उल्लेख छ ।

## आफूमाथि आक्रमण भएको निवर्तमान नगरप्रमुखको आरोप

प्रस, रौतहट, २९ वैशाख/

ईशनाथ नगरपालिकाका निवर्तमान प्रमुख सन्तोषकुमार मेहताले आफूलगायत चारजनामाथि आक्रमण भएको आरोप लगाएका छन् ।

बिहीवार आफ्नो निवासमा पत्रकार सम्मेलन गर्दै उनले साथीकी छोरीको बिहेमा बुधवार राति गइरहेको बेला राति १०:३० बजे नेपाली काङ्ग्रेसबाट प्रमुख पदकी उम्मेदवार अञ्जु झालगायतले कुटपिट गरी गाडी तोडफोड गरेको आरोप लगाए । उनले घिउरा निवासी जगदीश पटेलकी छोरीको विवाहमा सहभागी हुन जाँदै गर्दा महुलिया प्रहरी चौकीका प्रसनि सञ्जय पटेलले फोन गरी बोलाएपछि पल्टुवा र लक्ष्मीनिया सडकमा सुरक्षाकर्मीहरूले आफ्नो गाडीको साँचो खोसी कुरा गरिरहेको बेला नेकाकी उम्मेदवार झालगायत युवाहरूको समूहले कुटपिट गरेको बताए। उनले कुटपिटमा आफूलगायत चारजना घाइते भएको बताए। उनले झाको मिलेमतोमा षड्यन्त्र रची ममाथि कुटपिट गरेकोले अनुसन्धान गरी कारबाई गर्न आग्रह गरे ।



ईशनाथ नपाका निवर्तमान प्रमुख सन्तोषकुमार मेहता (बीचमा) । तस्वीरः प्रतीक

सञ्चारकर्मीहरूको प्रश्नको जवाफ दिंदै उनले पैसा बाँड्ने कुरा झूटो भएको बताए । उनले भारतीय गाडी धेरै उम्मेदवारले प्रयोग गरिरहेको बताउँदै सबैले भारतीय गाडीको प्रयोग गर्न बन्द गरे आफूले पनि बन्द गर्ने बताए । उनले निर्वाचन निष्पक्ष, धाँधलीरहित गराउन सम्बन्धित पक्षसँग आग्रह गरे ।

यस सम्बन्धमा अञ्जु झासँग बुझ्दा

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**प्रत्येक दिनको सुरुआत सकारात्मक सोच र कृतज्ञ हृदयका साथ गर ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: eprateekdaily.com


# असल उम्मेदवार चुनौ

**स्थानीय तह निर्वाचनका सबै प्रक्रिया पूरा भएर आज शुक्रवार मतदान हुन गइरहेको छ । देशभर स्थानीय तह निर्वाचनलाई लिएर मतदाताहरूमा निकै उत्साह छ । देश सङ्घीय गणतन्त्रमा गइसकेपछि आज दोस्रोपटक हुन गइरहेको स्थानीय तह निर्वाचनलाई लिएर आममानिसमा उत्साह हुनु अस्वाभाविक होइन । राजधानीबाट आआफ्नो जिल्ला घर जानेहरूको बिहीवारसम्म ठूलो भीड रह्यो । बिहीवार मध्यरातबाट निर्वाचनका कारण अनुमति लिएका सवारीसाधनबाहेक अन्यलाई सञ्चालनमा रोक लगाइएको छ। शुक्रवार हुने निर्वाचनका लागि राजधानी बाहिरिनेहरूको भीड एक सातादेखि निकै बढेको थियो । काठमाडौंबाट वीरगंज आउने टाटा सुमोले भाडा दोब्बरभन्दा बढी गरेको छ । बसहरूमा पनि महँगो भाडा तिर्न यात्रुहरू बाध्य भए । विमानको भाडा पनि कुनै बेला प्रतिव्यक्ति १३ सयसम्म पुगेकामा एक सातादेखि ३६ सय रुपैयाँभन्दा तल झर्न सकेको छैन। निर्वाचन सकिएपछि तीन दिन बिदा भएकोले यसपटक मङ्गलवारदेखि राजधानी फर्कनेहरूको भीड हुन्छ र आआफ्नो जिल्लाबाट काठमाडौं जानेहरूले महँगो भाडा तिर्नुपर्छ। यसै पनि निर्वाचन महँगो भएको छ । निर्वाचनमा सहभागिता जनाउन पनि अब महँगो साबित भएको छ, जिल्लाबाहिर बस्नेहरूका लागि ।**

**जिल्लाबाहिर बसे पनि बसाइँसराइ नगरेकाहरूले यस्तो पीडा भोग्नुपरेको छ । आफू जन्मे–हुर्केको स्थानमा मतदान गर्ने धोको र आफूले चाहेको उम्मेदवारलाई जिताउने इच्छाले पनि धेरैले बसाइँसराइ नगरेको हुनुपर्छ। त्यसैले पाँच वर्षमा हुने निर्वाचनमा यस प्रकारका दुःख–कष्ट सहन गर्न पनि मानिसहरू पछि पर्दैनन्। यस्तोमा कतिपय चलाख मतदाताले उम्मेदवारबाट यात्रा खर्च भरण गराउँछन् । असमर्थ मतदातालाई मतदानमा सहभागिताको लागि उम्मेदवारले गर्ने सहयोगलाई अन्यथा नभने पनि सामर्थ्यवान् मतदाताहरूले अवसरको फाइदा लिंदा उम्मेदवारहरू थप आर्थिक भार वहन गर्न बाध्य छन्। चुनावी विकृतिको यो अर्को पाटो हो। अहिले सबैलाई चुनाव लागेको छ । मतदान अधिकृतहरू मतदान स्थल तथा केन्द्रलाई व्यवस्थित गर्ने काममा सक्रिय भएका छन् भने उम्मेदवारहरू मौन अवधिमा पनि गुपचुप प्रचारप्रसार गरि नै रहेका छन् । निर्वाचन आचारसंहिता यसपटक पनि अपेक्षाकृत पालना गरिएन । चुनाव प्रचारप्रसारका बेला भएका उल्लङ्घनका घटनामा आयोगले त्यत्ति सान्हो कडाइ गर्न सकेन। वैशाख २७ गते मध्यरातदेखि मौन अवधि शुरू भएको छ । र यो मौन अवधिमा पनि मतदाता आकर्षित गर्ने कामहरू भइरहेका छन्। सामाजिक सञ्जाल हेर्ने हो भने यो अवधिमा झनै जञ्जाल मच्चिएको छ। मतदाता आकर्षित पार्न आर्थिक चलखेलका कुराहरू आएका छन् ।**

**यसै पनि यो मौन अवधि पहिलेदेखि नै बदनाम छ । यसैबखत सबैभन्दा बढी आर्थिक चलखेल हुन्छ । यसपटक पनि सो कार्य नियन्त्रण हुन सकेन। भोजभतेर, खानपिनको कुरै भएन। समूह, समूह बनाएर वडाका टोलटोलमा मिनी पिकनिक भयो। होडबाजीमा उसले खायो त म किन नखाने, उसले लियो त म किन नलिने भन्ने सोच विकसित भएका कारण विकृति मौलाएको हो । यस प्रकारको सोचलाई मतदानमा प्रयोग नगरौं । हाम्रोभन्दा पनि राम्रो चुन्नेतर्फ मतदाताहरू सचेत होऔं र आफ्नो वडा, पालिकाहरूमा असल नेतृत्व चयन गर्ने कुराबाट अब भने नचुकौं ।**

# नेपाल–भारत सांस्कृतिक सम्बन्ध

स्वतन्त्र विचार



श्रीमन्नारायण
an_shriman@yahoo.com

**सरकारहरूको सञ्चालन आफ्नै तरीका र परिस्थितिको बाध्यात्मक अवस्थाबाट भइरहेको हुन्छ तर दुई देशबीच सांस्कृतिक सम्बन्ध यति प्रगाढ एवं अद्वितीय छ कि यसको बराबरी विश्वका अन्य कुनै पनि दुई देशबीचको सम्बन्धले गर्न सक्दैन ।**

दक्षिणी छिमेकी भारतका प्रधानमन्त्री नरेन्द्र मोदी पवित्र वैशाख पूर्णिमा (बुद्ध पूर्णिमा)का दिन लुम्बिनी भ्रमणमा आउँदैछन् । उनको यस भ्रमणले दुई देशबीचको परम्परागत बहुआयामिक सम्बन्धलाई अझ बढी प्रगाढ बनाउनेछ । नेपाल र भारतबीचको परम्परागत बहुआयामिक सम्बन्धको एउटा महत्त्वपूर्ण पक्ष सामाजिक एवं सांस्कृतिक पक्ष पनि हो।

नेपाल र भारतबीचको सांस्कृतिक सम्बन्धलाई हामी कुनै निश्चित समयको परिधिभित्र बाँध्न सक्दैनौं किनभने वैदिक ज्ञानको अस्तित्वलाई हामी आफूसँगै सुन्दै र बुझ्दै आएका छौं। धर्म, अध्यात्म र सांस्कृतिक समानताले दुवै देशलाई एकअर्कासित यसरी बाँधिदिएको छ कि दुवै देश पृथक भएर पनि अभिन्न छन्। नेपालसित भारतको सम्बन्ध त्यति नै प्राचीन छ, जति प्राचीन यसको सांस्कृतिक चेतना छ। नेपाल र भारत दुवै देश एउटै सांस्कृतिक चेतनाका संवाहक हुन् । हिमालय, हामी दुवैको निम्ति आत्मसाधनको स्थल रहिआएको छ। आदिकालदेखि नै हिमालयका महान् शिखरहरूले हामीलाई आध्यात्मिक शक्ति प्रदान गर्दै आएका छन् ।

नेपाल–भारत सम्बन्धको आधार पौराणिक, धार्मिक, भौगोलिक, सांस्कृतिक, वैवाहिक, सामाजिक, राजनीतिक र आर्थिक पक्ष पनि रहिआएको छ। यति प्राचीन र प्रगाढ सम्बन्धलाई कसैले चाहेर पनि कमजोर बनाउन सक्दैन । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको हुन लागेको लुम्बिनी भ्रमणले बुद्धको जन्मस्थल लुम्बिनीको विकास गर्नुका साथै बुद्ध सर्किटको निर्माण र नेपाल–भारत दुई पक्षीय सम्बन्धलाई पनि बलियो बनाउने निश्चित छ ।

नेपाल र भारतबीच परम्परागत एवं बहुआयामिक सम्बन्धलाई सुदृढ एवं प्रगाढ बनाउनमा दुवै देशका सरकार, बुद्धिजीवी, धर्माचार्य, साहित्यकार, कवि एवं कलाकारहरूले पनि आआफ्नो तर्फबाट महत्त्वपूर्ण भूमिकाको निर्वाह गरेका छन् । संविधानतः दुवै देश धर्मनिरपेक्ष भएपनि यहाँको जीवनपद्धतिमा हिन्दू एवं बौद्ध धर्म–संस्कृतिको गहिरो र व्यापक प्रभाव छ। केही वर्षयतादेखि नेपाल र भारतका सांस्कृतिक महत्त्वका तीर्थस्थलहरूलाई आकर्षक एवं पर्यटकीय बनाउने प्रयासहरू थालिएका छन् । नेपाल र भारतले संयुक्तरूपमा रामायण तथा बुद्ध सर्किटको निर्माण गरी यसको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने र आर्थिक समृद्धिको आधार तयार पार्ने लक्ष्यका साथ धार्मिक पर्यटनलाई मुख्य प्राथमिकतामा राखेका छन् । मोदीको लुम्बिनी भ्रमणले बुद्ध सर्किटको निर्माणमा ठूलो भूमिका निर्वाह गरेको छ। नेपाल र भारतको सांस्कृतिक सम्बन्धको ठूलो आधार वैवाहिक सम्बन्ध पनि हो ।

यो वैवाहिक सम्बन्ध सीता–रामबाट शुरू भई राजपरिवार हुँदै सर्वसाधारणको घरसम्म पुगेको छ । हालका दिनमा वैवाहिक सम्बन्धको सङ्ख्यामा केही कमी अवश्य पनि आएको छ। तर हाम्रो धर्म–संस्कृतिको रक्षा एवं दुई देशबीचको कूटनीतिक सम्बन्धमा प्रगाढता ल्याउन पनि सांस्कृतिक सम्बन्ध बलियो रहनु आवश्यक छ।

रहनसहन, खानपान, जीवनशैली, सामाजिक एवं सांस्कृतिक मान्यता तथा संस्कार पनि एउटै किसिमको रहने गरेका कारण हामी कहिल्यै एकअर्काभन्दा भिन्न हुन सक्दैनौं । हाम्रा सामाजिक सम्बन्ध कहिल्यै कमजोर भएन । सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामया। सर्वे भद्राणि पश्यन्तु मा कश्चित...भाग्यवेतको कल्याणमयी भावनाबाट हाम्रो सामाजिक व्यवस्था ओतप्रोत रहिआएको छ ।

देवीदेवताका मठमन्दिरको देशको रूपमा प्रचलित नेपाल र भारतमा शैव, शाक्त, वैष्णव, बौद्ध, जैन, मुस्लिम, इसाई, शिख आदि धर्मावलम्बीहरू आफ्नो इच्छा अनुसार धर्मानुष्ठान गर्ने गर्दछन्। धर्मानुष्ठानका बेला सङ्कल्प लिंदा हरि ॐ तत्सत् आर्यावर्तान्तर्गते भारत वर्षे भारत खण्डे जम्बूद्वीपे बौद्धावतारे आदि । गणेशादि विविध देवीदेवताका पूजनादिका बावजूद प्रमुखरूपमा ब्रह्मा, विष्णु र महेशको पूजन गर्दछन् । यिनलाई जन्मदाता, पालनकर्ता र संहारकर्ताको रूपमा जानिन्छ।

महाकाली, महालक्ष्मी र महासरस्वती यी तीन शक्तिलाई कष्ट दूर गर्ने, वैभव प्रदान गर्ने तथा बुद्धि प्रदान गर्नेको रूपमा मान्यता रहेको छ। यसरी नै पञ्चदेवता, विष्णु, पञ्चभौतिक, दशदिक्पाल एवं नवग्रहादि देवताहरूलाई समानरूपमा पूजाअर्चना गरिन्छ । र यिनमा अहिंसा परमोधर्मको भावना बढी हुन्छ। यी ईश्वर अंश जीव अविनाशीको मान्यता राख्दै पशुपक्षी, जड–जङ्गलमा पनि ईश्वरकै अंश मान्ने गर्दछन्।

नेपाल र भारत बहुभाषिक, बहुजातीय देश भएका कारण यहाँ विविध प्रकारका जाति, संस्कृति, संस्कार, पर्व एवं त्योहार मनाउने गरिन्छ । यिनमा रक्षाबन्धन, दुर्गापूजा, दीपावली, होली, छठ, इन्द्रजात्रा, मच्छिन्द्रनाथ रथ यात्रा, मकर सङ्क्रान्ति, वैशाखी, रामनवमी, कृष्णाष्टमी, बौद्ध जयन्ती, रमजान आदि यस्ता सांस्कृतिक समारोह हुन्, जो दुवै देशमा समान भावले मनाइन्छ। उपरोक्त सांस्कृतिक परिवेशले पनि हाम्रो सांस्कृतिक सम्बन्धलाई बलियो बनाएको छ ।

नेपाल र भारत आर्यावर्तान्तर्गतका देश मानिन्छ । यस भूभागमा वैवाहिक सम्बन्ध निकै पुरानो छ । पौराणिककालदेखिको यस सम्बन्धलाई रोटीबेटीको सम्बन्ध पनि मानिन्छ । सीताराम, उत्तरा, अभिमन्यू, अंशुवर्माको छोरी र हर्षवर्द्धनको वैवाहिक सम्बन्ध यति पुरानो रहिआएको छ कि त्यस परम्पराको निर्वाह शाही परिवारका सदस्यहरूले अहिले पनि गर्दै आएका छन्।

श्री ५ बडामहाराजधिराजको वैवाहिक सम्बन्ध काशी नरेशका छोरीसित थियो भने काश्मीरका राजपरिवारका राजकुमारीको विवाह नेपालको शाही परिवारमा भएको थियो। त्रेतायुगमा स्थापित अयोध्या र जनकपुरको सम्बन्ध अहिले पनि कायम छ। यसैबाट प्रभावित भएर मध्यप्रदेशको टिकमगढकी महारानीले जनकपुरमा जानकी मन्दिरको निर्माण गराएकी थिइन् । त्यति बेला नौ लाख रुपैयाँमा यस मन्दिरको निर्माण गरिएको कारण नै जनकपुरको जानकी मन्दिरलाई नौलखा मन्दिर पनि भन्ने गरिन्छ । आजको समयमा भरसक नौ अर्बमा पनि यस्तो मन्दिरको निर्माण सम्भव नहोला।

सीताराम, राधाकृष्ण, शिव–पार्वती, गौरीशङ्कर, पशुपतिनाथ, भगवान् बुद्ध, जनक, याज्ञवल्क्य, विश्वामित्र, परशुराम, विद्यापति, मुक्तिक्षेत्र, बराहक्षेत्र, जनकपुर, लुम्बिनी, विराटनगर, काशी, प्रयाग, हरिद्वार, अयोध्या, मथुरा, गङ्गाजमुना, कोशी, वाग्मती, विष्णुमति आदि यस्ता सांस्कृतिक धरोहर तथा सनातन आस्थाका केन्द्र रहेका छन्, जहाँ नेपाल–भारत सम्बन्धका आयामहरूलाई थप्ने गरिन्छ । यो एउटा यस्तो सङ्गमस्थल हो, जसले नेपाल–भारत सम्बन्धलाई बलियो बनाउँदै रहनेछ।

सयकडौं वर्षदेखि एक समान संस्कृति तथा सभ्यताको बन्धनमा बाँधिएका दुवै देशको सौहार्दपूर्ण सम्बन्धमा कूटनीतिक सम्बन्धको कुनै खासै असर हुन सक्दैन। नेपाल–भारत सम्बन्ध हिन्दू संस्कृतिको जगमा आधारित छ । अयोध्या र जनकपुरको सम्बन्ध सीता र रामको रूपमा सम्पूर्ण हिन्दू राष्ट्रका लागि आस्थाको विषय बनिसकेको छ। जसलाई मेटाउन सकिंदैन । सत्य र अहिंसाको किरण भगवान् बुद्धको तीर्थस्थल लुम्बिनी जबसम्म यस पृथ्वीमा अवस्थित छ, तबसम्म नेपाल–भारत सम्बन्ध कमजोर हुन सक्दैन । यो सम्बन्ध दुई देशका सरकार अथवा नेताद्वारा निर्मित नभई आदिकालदेखिको प्राकृतिक र जनस्तरको सम्बन्ध हो, जसको मापन सम्भव छैन।

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले केही वर्षअघि पशुपति–काशी र जनकपुर–अयोध्या जोड्ने राजमार्ग निर्माणमा भारत सरकारले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए। गत वर्ष नेपाल र भारतका अधिकारीहरूबीच सम्पन्न एक बैठकले रामायण र बुद्ध सर्किट निर्माणको विषयमा समेत सहमति जनाउनुलाई ठूलो सांस्कृतिक उपलब्धिको रूपमा लिन सकिन्छ । माता जानकी तथा मर्यादा पुरुषोत्तम श्रीरामको शुभविवाहको पावन दिवस विवाह पञ्चमीको अवसरमा अयोध्याबाट जन्तीको रूपमा सहभागी हुन केही वर्षअघि जनकपुरधाम आएका भारतको उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले जनकपुर–अयोध्या तथा काठमाडौं–बनारसबीच भगिनी शहर निर्माणसम्बन्धी सम्झौताले दुवै देशको पर्यटकीय विकासमा सकारात्मक सन्देश प्रवाह गरेको विश्वास व्यक्त गरेका थिए।

रामायण तथा बुद्ध सर्किटको निर्माणमा भारतको केन्द्र सरकार तथा उत्तरप्रदेश सरकारले जोड दिएको छ। जनकपुर र अयोध्याबीचको दूरी घटाउन रामजानकी राजमार्ग निर्माण हुन लागेको छ । भारत सरकारको सहयोगमा उत्तरप्रदेश सरकारले चार लेनको यो रामजानकी राजमार्ग निर्माण शुरू गरेको छ। यसको निर्माण सम्पन्न भएपछि जनकपुर–अयोध्या, जनकपुर–लखनऊ एवं जनकपुर–नयाँ दिल्ली बीचको दूरी पनि कम समयमा नै पूरा गर्न सकिन्छ।

प्रस्तावित रामायण सर्किटमा त्रेतायुगमा राम र सीता पुगेका नेपाल, भारत र श्रीलङ्काका धार्मिकस्थलहरूलाई एउटै मार्गले जोड्नेछ। त्यसमा नेपालको जनकपुर, भारतको सीतामढी, दरभङ्गा, बक्सर, चित्रकुट, नन्दीग्राम, महेन्द्रगिरि, जगदलपुर, भद्राचलम, टम्पी, नासिक, नागपुर र रामेश्वरम् रहेका छन्। हाल श्रीलङ्काको पर्यटकीयस्थल यसमा नजोडिएको भएपनि निकट भविष्यमैं यसलाई पनि रामायण सर्किटमा जोडिनेछ। त्यसैगरी, बुद्ध सर्किटमा नेपालको लुम्बिनी, कपिलवस्तु, देवदह, भारतको बोधगया, सारनाथ, कुशीनगर, वैशाली पर्दछन्। भगवान् गौतम बुद्धको जन्मस्थल नेपाल तथा ज्ञानप्राप्ति एवं निर्वाणप्राप्ति स्थल भारत रहेकोले बुद्ध सर्किटको निर्माण भएमा नेपाल र भारत दुवै देशमा पर्यटकहरू आकर्षित हुनेछन्। गौतम बुद्धका सम्पूर्ण अवशेष, उनका पदचिह्न, उनका भिक्षुद्वारा निर्मित स्तुपहरू, एलोरा जस्ता अवर्णनीय शिल्प यहाँ छन् तर पनि नेपाल र भारतमा बौद्ध धर्म–संस्कृतिको जति विस्तार एवं प्रचारप्रसार हुनुपर्ने हो, त्यति हुन सकेको छैन । बुद्धको जन्मभूमि, कर्मभूमि एवं निर्वाणप्राप्ति भूमिसँग सम्बन्धित ऐतिहासिक तथा पुरातात्त्विक वस्तुहरू पूरै विश्वको निम्ति उपयोगी साबित हुन सक्छन्। पर्यटन क्षेत्रको सूचना, भौतिक पूर्वाधारको विकास तथा विस्तारमा सहकार्य गर्दै दुवै देशका धेरै नागरिकको आस्थासँग जोडिएको क्षेत्रमा पर्यटनसँग सम्बन्धित कार्यक्रम र गतिविधि बढाउन दुवै देशबीच हुने गरेका सहमतिहरूलाई उपलब्धिको रूपमा लिनुपर्ने हुन्छ। नेपाल–भारत मैत्री सम्बन्धका कतिपय अपरिहार्य तत्त्व छन् । जसमध्ये सांस्कृतिक समानतालाई प्रमुख घटनाको रूपमा लिन सकिन्छ । सरकारहरूको सञ्चालन आफ्नै तरीका र परिस्थितिको बाध्यात्मक अवस्थाबाट भइरहेको हुन्छ तर दुई देशबीच सांस्कृतिक सम्बन्ध यति प्रगाढ एवं अद्वितीय छ कि यसको बराबरी विश्वका अन्य कुनै पनि दुई देशबीचको सम्बन्धले गर्न सक्दैन। नेपाल र भारत परस्पर आध्यात्मिक, धार्मिक एवं सांस्कृतिकरूपमा अनन्य भावले जोडिएका छन्। राजनीतिकरूपले नेपाल–भारत दुई पृथक सार्वभौमसत्ता सम्पन्न, स्वतन्त्र एवं अलग–अलग देश भएपनि दुवै एकअर्काको लागि अभिन्न छन् । मोदीको लुम्बिनी भ्रमण दुवै देशको लागि लाभकारी साबित हुनेछ ।

■■■

# आजदेखि लगातार छ दिन विद्यालय बन्द

भक्तपुर, २९ वैशाख/रासस

सरकारले हरेक शुक्रवार ४ बजेसम्म नै पठनपाठन सञ्चालन गर्ने र बर्खे तथा हिउँदे बिदा घटाएर हप्तामा दुई दिन बिदा दिने निर्णय गरेको छ। सरकारले आगामी जेठ १ गतेदेखि लागू हुने गरी शनिवार र आइतवार दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ। शिक्षा मन्त्रालयले यसलाई कार्यान्वयन गराउन शिक्षा विकास तथा समन्वय एकाइ सानोठिमीलाई परिपत्र गरेको छ।

शिक्षा मन्त्रालयले बुधवार सरकारी तथा निजी विद्यालयमा पनि हप्तामा दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरेको थियो। शुक्रवार ४ बजेसम्म नै पठनपाठन गर्ने तथा बर्खे र हिउँदे बिदा घटाएर हप्तामा दुई दिन बिदा दिने व्यवस्था मिलाउन शिक्षामन्त्रीस्तरीय निर्णय गरी बुधवार शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमीलाई निर्देशन गरेपछि केन्द्रले ७७ वटै जिल्लाका शिक्षा विकास तथा समन्वय एकाइलाई परिपत्र गरेको हो।

केन्द्रले देशका ७७ वटा जिल्ला समन्वय एकाइ तथा देशभरका स्थानीय तह एवं विद्यालयलाई पनि हप्तामा दुई दिन सार्वजनिक बिदा कार्यान्वयन गर्न परिपत्र गरेको केन्द्रका निर्देशक रामचन्द्र शर्माले जानकारी दिए।

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले निर्दिष्ट गरे अनुसार पाठ घण्टा र कार्य

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अर्थ - उद्योग - वाणिज्य

## बजारशास्त्रमा बहुउपयोगीकरणको महत्त्व

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**नेपालमा बहुउपयोगिता नीतिलाई बजार रणनीतिको रूपमा प्रयोग गरिएको लगभग शून्य बराबर छ। नेपालमा व्यापारीहरू दीर्घकालसम्म बजारमा उपस्थित नरहने र लघुकालमा नै धेरै मुनाफा गरेर शीघ्र करोडपति बन्ने मनोविज्ञानबाट ग्रसित भएकाले बहुउपयोगिताले महत्त्व थाहा नपाएको हुन सक्छ।**

बजारशास्त्रमा वस्तु वा सेवाको वहुउपयोगीकरण (Product augmentation) वा बहुउपयोगिताको अति महत्त्व छ। आफ्नो वस्तु वा सेवालाई बहुउपयोगी बनाएर वा आफ्नो वस्तु वा सेवामा बहु विशेषता समाविष्ट गरेर अथवा आफ्नो वस्तु वा सेवालाई अन्य उत्पादकभन्दा फरक बनाएर उत्पादकहरूले अधिक मुनाफा गर्न सकेका वा बजारमा आफ्नो उपस्थितिलाई अर्थपूर्ण बनाउन सकेका देखिएको छ। जसले गर्दा त्यस्ता उत्पादक बजारमा चिरकालसम्म रहन सकेका देखिएको छ।

आधुनिक बजारशास्त्रमा वस्तु वा सेवा बहुउपयोगीकरण एउटा बजार रणनीति हो। यो रणनीतिले व्यवसायीहरूलाई व्यवसायमा सफल हुन निकै सहयोग गरेको पाइएको छ। छोटकरीमा भन्ने हो भने यो बजार रणनीति प्रयोग गरेर व्यवसायी एवं उत्पादकहरू प्रतिस्पर्धीहरूको भीडमा उनीहरूलाई पछाडि छाडेर अगाडि-अगाडि रहन सफल भएको देखिएको छ। अमेरिकी बजारमा एमेजन, एपल, वालमार्टजस्ता कम्पनीहरूले बहुउपयोगिता बजार रणनीति निकै उपयोग गरेको पाइन्छ। यी कम्पनीहरू बहुउपयोगीकरण गर्ने कम्पनीहरूको पङ्क्तिमा अग्रस्थानमा रहेको पाइन्छ।

**वस्तु वा सेवालाई कसरी बहुउपयोगी बनाउन सकिन्छ ?**

वस्तु वा सेवालाई कसरी बहुउपयोगी बनाउन सकिन्छ आउनुहोस् त्यसबारे चर्चा गरौं। कुनै एक रेस्टुराको कार्य आफ्नो स्थलमा आएका ग्राहकलाई केवल उनीहरूको माग अनुसार अनेक किसिमको खाना उपलब्ध गराउनु हो। सामान्य अर्थमा, विभिन्न किसिमका खाना आपूर्ति गरेर ग्राहकहरूलाई सन्तुष्टि दिनु हो। तर बहुउपयोगीकरण गर्ने रेस्टुराले केवल अनेक किसिमका खाना मात्र उपलब्ध गराउँदैनन् आफ्नो रेस्टुराबाट अन्य विभिन्न किसिमका वस्त एवं सेवाहरू पनि उपलब्ध गराउँछ। उदाहरणका लागि त्यो रेस्टुराले कुनै ग्राहकको (ग्राहक रेस्टुरामा आएको दिन) जन्मदिन परेको छ भने उक्त ग्राहकलाई आफ्नो रेस्टुराको नाम लेखिएको टिसर्ट निशुल्क दिन्छ जुन टिसर्टमा 'तपाइ'लाई जन्मदिनको हार्दिक शुभकामना' लेखिएको हुन्छ। यसैगरी त्यो रेस्टुरामा कुनै ग्राहक आफ्ना परिवारका सदस्य एवं साथीहरू सहित जन्मदिन मनाउन आएको छ भने जन्मदिन हुने उक्त ग्राहकको लागि 'हैपी बर्थ डे' लेखिएको केक तयार पारेर सो ग्राहकलाई निश्शुल्क केक दिन सक्छ। यसैगरी त्यो ग्राहकले केक काटिरहेको समयमा आफ्ना कमर्चारीहरूलाई 'ह्यापी बर्थडे गीत' निश्शुल्क गाउन र सङ्गीत बजाउन भन्न सक्छ।

अर्को किसिमले बहुउपयोगिता सृजना गर्ने क्रममा त्यो रेस्टुराले आफ्नो घरबाट खाने कुरा माग गर्ने ग्राहकको घरमा नै खाने कुरा पुऱ्याइदिन सक्छ। यदि रेस्टुरा भित्र नपसेर बाहिरबाट खाना लिन कुनै ग्राहक आएको छ भने उक्त ग्राहकलाई भवन बाहिरबाट पनि खान दिन सक्छ।

यसैगरी त्यो रेस्टुरामा आउने अभिभावकहरूका नानीहरूलाई खेल्न विभिन्न किसिमका खेलौना निश्शुल्क दिन सक्छ। त्यो रेस्टुरा भित्र नै एउटा कोठालाई नानीहरू खेल्ने कोठाको रूपमा राख्न सक्छ। त्यो रेस्टुराले कुनै खास किसिमको बिरामी भएको (जस्तै मधुमेह) ग्राहकलाई उसको स्वास्थ्य आवश्यकता अनुसारको खाना उपलब्ध गराउन सक्छ।

अर्थात बहुउपयोगीकरण रणनीति अन्तर्गत उत्पादक एवं बिक्रेताले आफ्नो वस्तुमा रहेको मूल आवश्यकता पूर्ति हुने गुणसहित अनेक अन्य विभिन्न गुणहरू समाविष्ट गरेर ग्राहकलाई वस्तु एवं सेवा उपलब्ध गराउने कार्य गर्दछ। ग्राहकलाई केन्द्रमा राख्दछ।

**बहुउपयोगीकरण किन आवश्यक छ ?**

बहुउपयोगीकरणले गर्दा वस्तु एवं सेवाको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि हुन्छ भने उपभोक्ताहरूले एउटै वस्तु वा सेवाबाट अनेक थप सुविधा र सेवाहरू पाउँछन्। अहिलेको अति वैश्य युगमा उपभोक्ताहरूले पनि एउटै वस्तु वा सेवामा अनेक गुण हुनुपर्ने अपेक्षा होइन, माग नै गर्छन्। र आफूले उपयोग गरिरहेको वस्तु वा सेवामा बहुउपयोगिता छैन भने सजिलै अर्को उत्पादकको वस्तु वा सेवातिर लाग्छन्। अहिले यो अति प्रतिस्पर्धात्मक युगमा आफ्नो वस्तु वा सेवामा एउटा मात्र विशेषता (मूल विशेषता) समाविष्ट गरेर हुँदैन। त्यस्तो गर्ने बिक्रेता पछाडि पर्छ वा बजारबाट बाहिर पुग्छ।

**दक्षिण एशियाका बजारहरूमा बहुउपयोगिताको स्थिति कस्तो छ ?**

दक्षिण एशियाका बजारहरू अहिले पनि परम्परागत बजार अवधारणा एवं अभ्यास अन्तर्गत चलेको पाइन्छ। दक्षिण एशियाका बजारहरूले उपभोक्ता एवं ग्राहकहरूलाई केन्द्रमा राखेर उनीहरूकै वरिपरि आफ्ना क्रियाकलाप सञ्चालन गरेको पाईंदैन। अर्थात् उपभोक्ताहरूले कस्तो वस्तु वा सेवाको माग गरिरहेका छन् त्यसबारे जानकारी, बजार अनुसन्धान गरेर त्यसै अनुरूप वस्तु वा सेवाको विकास गर्नुको साटो उत्पादकहरूलाई के उत्पादन गर्न मन लागेको छ सोही अनुसार वस्तु वा सेवा उत्पादन गरेको पाइन्छ।

दक्षिण एशियाका उत्पादक एवं बिक्रेताहरूले बहुउपयोगिता नीतिलाई बजार रणनीतिको रूपमा कमै प्रयोग गरेको पाइन्छ। भारतीय बजारहरूमा भने केही व्यापारीहरूले बहुउपयोगीता नीति प्रोयोगमा ल्याएको पाइन्छ। भारतीय व्यापारीहरूको अमेरिका र युरोपका बजारहरूसँग राम्रो सम्बन्ध भएको र त्यस सम्बन्धले बहुउपयोगिता नीतिबारे जान्न उनीहरूलाई सजिलो पारिदिएको हुन सक्छ।

**नेपालका बजारहरूमा बहुउपयोगिताको स्थिति कस्तो छ ?**

नेपालमा बहुउपयोगिता नीतिलाई बजार रणनीतिको रूपमा प्रयोग गरिएको लगभग शून्य बराबर छ। नेपालमा व्यापारीहरू दीर्घकालसम्म बजारमा उपस्थित नरहने र लघुकालमा नै धेरै मुनाफा गरेर शीघ्र करोडपति बन्ने मनोविज्ञानबाट ग्रसित भएकाले बहुउपयोगिताले महत्त्व थाहा नपाएको हुन सक्छ। नेपाली बजारको एक प्रमुख विशेषता पनि छ। नेपाली बजारमा उत्पादक एवं बिक्रेताहरूले मुनाफालाई केन्द्रमा राख्छन् र मुनाफाको वरिपरि नै आफ्ना क्रियाकलाप सञ्चालित गर्छन्। ग्राहकहरूको हितलाई बेवास्ता गर्छन्। बजारमा उत्पादक एवं बिक्रेताहरूबीच आआफ्नो वस्तु एवं सेवा बिक्री गर्न तीव्र प्रतिस्पर्धा नभएकोले पनि उत्पादक एवं बिक्रेताहरू ग्राहक-केन्द्रित हुन नसकेका हुन्।

आधुनिक बजारशास्त्रको सिद्धान्त अनुसार उत्पादक एवं बिक्रेताहरूले ग्राहक एवं उपभोक्ताहरूको हित एवं सन्तुष्टिलाई केन्द्रमा र पहिलो प्राथमिकतामा राख्नुपर्छ। मुनाफालाई दोस्रो प्राथमिकतामा राख्नुपर्छ। ग्राहकहरू भए मात्र व्यापार चल्ने र ग्राहकको भूमिका गाडीलाई चलाउन पेट्रोलको मुख्य भूमिका भएझैं भएकोले ग्राहकलाई केन्द्रमा राख्नुपर्छ। ग्राहक एवं उपभोक्ताहरूलाई अत्यधिक सन्तुष्टि दिएर क्रमिकरूपमा र दीर्घकालमा अपेक्षित मुनाफा आर्जन गर्ने लक्ष्य उत्पादक एवं बिक्रेताहरूको हुनुपर्दछ। लघुकालमा नै करोडपति हुने लक्ष्य हुनुहुँदैन।

## नेप्सेमा दोहोरो अङ्कले ओरालो

काठमाडौं, २९ वैशाख/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार भने दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १८.६४ अङ्कले ओरालो लागेर दुई हजार ३५०.४२ मा ओर्लेको हो।



यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक २.७० अङ्कले घटेर ४५३.९६ मा पुगेको छ। कुल २२८ कम्पनीको ५२ लाख २७ हजार ३५९ कित्ता शेयर रु दुई अर्ब ३२ करोड ८४ लाख ३४ हजार २७३ मूल्यमा खरीद-बिक्री भए। शेयर कारोबार हुने साताको अन्तिम दिन बिहीवारको कारोबारपछि बजार पूँजीकरण रु ३३ खर्ब ४३ अर्ब ५५ करोड ६९ लाख ७० हजार बराबर रहेको छ।

कारोबार भएका कुल १३ उपसमूहमध्ये आज दुई उपसमूहको शेयर मूल्य उकालो लागेको छ भने ११ उपसमूहको शेयर ओरालो लागेको छ। उत्पादन ८०.२५ र अन्य उपसमूह ७.३९ अङ्कले उकालो लागेको छ। त्यस्तै, बैंकिङ १.७३, व्यापार २९.५६, होटल तथा पर्यटन ३४.७७, विकास बैंक ८९.०२, जलविद्युत् ५३.७२, वित्त ९.९, निर्जीवन बीमा ८३.३८, लघुवित्त ७४.५७, जीवन बीमा २५७.१४, सामूहिक लगानी कोष ०.१८ र लगानी १.३७ अङ्कले ओरालो लागेका छन्।

कारोबारका आधारमा शिवम् सिमेन्ट शीर्ष स्थानमा छ। सो कम्पनीको रु ११ करोड १० लाख ६७ हजार ४१८ बराबरको कारोबार भयो। त्यस्तै, राधी विद्युत् कम्पनी रु आठ करोड १० लाख ३४ हजार ९५७, अरुण भ्याली हाइड्रोपावर कम्पनी रु आठ करोड आठ लाख २४ हजार ८७८, प्राइम लाइफ इन्स्योरेन्स रु सात करोड ८३ लाख ९० हजार ७९२ र यादी ग्रुप अफ पावर रु सात करोड ४१ लाख ८५ हजार २५० बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए।

नेप्सेका अनुसार बिहीवार पनि जाल्पा सामुदायिक लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि हुँदा सकारात्मक सर्किट लाग्यो। तेन्हथुम पावर कम्पनी ६.२०, युनियन हाइड्रोपावर ५.२२, शिवम् सिमेन्ट ५.१७ र बुद्धभूमि नेपाल हाइड्रोपावरका लगानीकर्ताले ३.९७ प्रतिशतले कमाए।

त्यस्तै, सूर्योदय बोमी लघुवित्त १०, प्राइम लाइफ इन्स्योरेन्स ७.६३, युनियन लाइफ इन्स्योरेन्स ६.९६, गुराँस लाइफ इन्स्योरेन्स ५.८३ र श्री इन्भेस्टमेन्ट फाइनान्स कम्पनीका लगानीकर्ताले ५.१३ प्रतिशतले गुमाए।

## जलविद्युत् कम्पनी एकापसमा गाभिँदै

काठमाडौं, २९ वैशाख/रासस

बैंक तथा वित्तीय संस्था एकापसमा गाभिएका छन्। त्यस्तै, पछिल्लोपटक बीमा कम्पनी पनि एकापसमा गाभिने सम्झौता गरेका छन्। नेपालको बैंकिङ इतिहासमा सबैभन्दा बढी संस्थालाई गाभ्ने वित्तीय संस्थाको रूपमा ग्लोबल आइएमई बैंकलाई लिइन्छ। सो बैंकले एक दर्जन बढी संस्थालाई आफूहरूमा समाहित गरेको छ।

त्यस्तै, नबिल बैंक र नेपाल बङ्गलादेश बैंकले एकापसमा गाभिने सम्झौता गरेका छन्। हिमालयन र नेपाल इन्भेस्टमेन्ट बैंकबीच गाभिने सम्झौता खारेज भएको छ। नेपाल राष्ट्र बैंकले एकापसमा गाभिन पाउने नीतिगत व्यवस्था गरेको छ। त्यसबाट सकारात्मक नतीजासमेत हासिल भएको छ।

यसै क्रममा जलविद्युत् कम्पनी पनि एकापसमा गाभिने तयारी गरेका छन्। जलविद्युत् कम्पनीको नियमन गर्ने विद्युत् नियमन आयोगले दुई जलविद्युत् कम्पनीलाई एकापसमा गाभिनका लागि स्वीकृति प्रदान गरेको छ।

एउटै लगानीकर्ता रहेका जलविद्युत् कम्पनीले एकापसमा गाभिनका लागि आयोगसँग अनुमति मागेका थिए। यही क्रममा रिडी हाइड्रोपावर डेभलपमेन्ट कम्पनी र रैराङ हाइड्रोपावर डेभलपमेन्ट कम्पनीबीच गाभिने सम्झौता भएको छ। ती कम्पनी गाभिएपछि कुल संयुक्त चुक्ता पूँजी रु एक अर्ब १४ करोड ५५ लाख ५८ हजार कायम हुनेछ। आयोगको यही वैशाख २६ गते बसेको १५६औं बैठकले गाभिनका लागि सहमति दिएको छ।

आयोगले प्रचलित कानूनबमोजिम लाभकरलगायत अन्य कर बुझाउनुपर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ। कम्पनीले आयोगबाट समय-समयमा जारी भएका मापदण्ड, संहिता तथा संस्थागत सुशासनसम्बन्धी निर्देशन पालना गर्नुपर्नेछ। कम्पनी गाभिने सम्बन्धमा अन्य प्रचलित ऐन, नियमावली वा निर्देशिका र कम्पनीको प्रबन्धपत्र तथा नियमावलीको व्यवस्था पालना गर्नुपर्ने भएमा सोकोसमेत पालना गर्नुपर्नेछ। आयोगले अन्य समान लगानीकर्ता भएका कम्पनीलाई पनि एकापसमा गाभिनका लागि प्रेरित गरिरहेको छ।

## धार्मिक पर्यटनसँगै सहयोगात्मक सम्बन्ध सुदृढ हुने विश्वास

काठमाडौं, २९ वैशाख/रासस

बुद्ध जयन्तीको शुभ अवसरमा लुम्बिनीमा आगामी सोमवार आयोजना हुने विशेष समारोहमा सहभागी हुन प्रधानमन्त्री शेरबहादुर देउवाको निमन्त्रणमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपालको औपचारिक भ्रमणमा आउँदै छन्। आठ वर्षअघि भारतको प्रधानमन्त्री भएपछि हुन लागेको उनको यो पाँचौं भ्रमण हो।

धार्मिक एवं आध्यात्मिक प्रकृतिको भ्रमण भएपनि दुवै देशका प्रधानमन्त्रीबीच हुने वार्तालाई दुवै मुलुकका जनताले चासोका साथ नियालेका छन्। प्रधानमन्त्रीको यो भ्रमणले धार्मिक पर्यटनसँगै द्विदेशीय सहयोगात्मक सम्बन्ध सुदृढ हुने विश्वास गरिएको छ। गत चैतमा भएको प्रधानमन्त्री देउवाको भारत भ्रमण र त्यसक्रममा भएका सहमतिको कार्यान्वयन तथा भावी योजनाबारे उनीहरूबीच विचार-विमर्श हुने अपेक्षा गरिएको छ।

पश्चिम सेती जलविद्युत् आयोजना निर्माणका निम्ति भारतसँग अनुरोध गर्ने प्रधानमन्त्री देउवाको सार्वजनिक अभिव्यक्तिले नेपाल र भारतका जनता उत्साहित भएका छन्। ऊर्जा सङ्कटले पिरोलिएका भारतका मित्रहरू नेपालमा उत्पादित बिजुली पाउने आसमा उत्साहित भएका छन् भने अपार जलस्रोतको सम्यक सदुपयोग नहुँदा विकासको बाटोमा गतिहीन हुनुपर्ने परिस्थितिको



भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र नेपालका प्रधानमन्त्री शेरबहादुर देउवा। तस्वीरः फाइल

परिकल्पनामा नेपालीमा ऊर्जा थपिएको हो। यद्यपि उक्त आयोजना निर्माण गर्न लामो समय र विशाल पूँजी लाग्नेछ तर राजनीतिक नेतृत्वमा दृढ इच्छाशक्ति भएमा यस्ता परियोजना बनाउन सकिन्छ। आपसी समझदारी भएमा प्रारम्भिक चरणका प्रक्रियागत कामको थालनी शीघ्र गर्न सकिनेछ।

प्रधानमन्त्री देउवासँगै भारतका प्रधानमन्त्रीले मायादेवी मन्दिरमा पूजाअर्चना गर्ने, लुम्बिनीको विहार क्षेत्रमा बौद्ध संस्कृति तथा सम्पदा केन्द्रको शिलान्यास गर्ने कार्यक्रमले गौतमबुद्धको जन्मस्थलको प्रचारप्रसारमा सहयोग हुने र अन्ततोगत्वा नेपालको पर्यटन प्रवर्द्धनमा योगदान पुग्ने विश्वास गरिएको छ।

सन् १९५० को शान्ति तथा मैत्री सन्धिको सबल आधारमा अघि बढिरहेको शताब्दीऔं पुरानो बहुआयामिक नेपाल-भारत सम्बन्ध ऐतिहासिक, सामाजिक र सांस्कृतिकरूपमा मात्र नभई निकट छिमेकीका रूपमा द्विपक्षीय मैत्री अनुपम छ। विशेषगरी खुला सिमाना, एकअर्काको भूमिमा निर्बाध आवागमन, जनता-जनताबीचको गाढा सम्बन्ध, पारिवारिक नाता र समान सांस्कृतिक सम्पर्कले यसलाई अझ प्रगाढ तुल्याएको छ। नेपाल र भारत दुवै देशका नागरिक विनाप्रवेशाज्ञा एकअर्काका मुलुकमा विनारोकटोक आउजाउ र बन्द व्यापार गर्छन्। यद्यपि यसका बेग्लै नकारात्मक पक्ष छन् र तिनको व्यवस्थापनमा दुवै देश सधैं सजग रहनुपर्ने बाध्यता पनि छ।

सरकार प्रमुखको दायित्व र कार्यव्यस्तताका कारण उनी काठमाडौंसम्म आउन नसके पनि लुम्बिनीबाट प्रधानमन्त्री मोदीले द्विपक्षीय सम्बन्धमा नयाँ अध्याय थप्न खोजेको सन्देश दिएका छन्। शान्तिका अग्रदूत भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीबारेको भ्रामक सूचना सधैंसधैंका लागि चिर्न र दुई छिमेकीबीचको धार्मिक र सांस्कृतिक सम्बन्धलाई विश्व समुदायमा पुऱ्याउन उनको यो भ्रमण उपलब्धिमूलक हुनेमा विमति नहोला।

भारतको प्राथमिकतामा रहेको नेपाल एकमात्र छिमेकी भएकोले पाँचौंपटक नेपाल भ्रमणमा आउने उनको यो यात्रा धार्मिक एवं सांस्कृतिक भएपनि भारतले नेपालसँगको सम्बन्धलाई महत्त्व दिएको दर्शाउँछ। प्रधानमन्त्री मोदीको नेपाल भ्रमणबाट भारतको 'छिमेकी पहिलो नीति'लाई अगाडि बढाउन उपयोगी हुने तथा त्यसले भारत र नेपालबीच नियमित उच्चस्तरीय आदानप्रदानको परम्परालाई निरन्तरता दिएको सार्वजनिक अभिव्यक्ति भारत सरकारबाट आउनु नेपालका निम्ति सुखद हो।

यसअघि जनकपुरस्थित जानकी मन्दिर, मुस्ताङको मुक्तिनाथ मन्दिर र

(बाँकी चौथो पातामा)

## ६४ उद्योगलाई कालोबजारी ऐन

काठमाडौं, २९ वैशाख/रासस

विभिन्न प्रकारका अखाद्य र दूषित पिउने पानी उत्पादन तथा बिक्री वितरण गरेको अभियोगमा ६४ वटा उद्योगलाई कानूनी कारबाही गरिने भएको छ। कृषि तथा पशुपक्षी विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले ती उद्योगलाई कानूनी कारबाहीका लागि सम्बन्धित निकायमा मुद्दा दर्ता गरिसकेको छ।

चालू आर्थिक वर्षको नौ महीनाको अवधिमा उपभोक्ताको स्वास्थ्यमा प्रतिकूल असर पुग्ने खाद्य वस्तु उत्पादन गरेको अभियोगमा उनीहरूलाई कालोबजारी ऐन अनुसार कानूनी कारबाही हुने विभागका प्रवक्ता मोहनकृष्ण महर्जनले जानकारी दिए। लेवल नराखी बिक्री वितरणमा ल्याइएका १९ र अखाद्य वस्तु उत्पादन गरेका ४५ उद्योगलाई कालोबजारी ऐन २०३२ ले हदैसम्मको कारबाई अन्तर्गत १० वर्षसम्म कैद र जरिवाना तोकेको छ।

महर्जनका अनुसार विभिन्न शीर्षकमा भइरहेको र अखाद्य वस्तु उत्पादन गर्ने, दालमोठ, मिट मसला, सब्जी मसला, मिक्स मसला, मसलाजन्य वस्तु जीराको धूलो, मुसुरोको दाल, घ्यू, दूध तथा दुग्धजन्य पदार्थ, आयातित तोरीको तेल, प्रशोधित पिउने पानी, स्टिम नुडल्स्, चियालगायतका धूलो उद्योगलाई कारबाई गरिने भएको हो।

# उपभोक्ता अधिकार र नेपाली अर्थतन्त्र

अर्थ-उद्योग-वाणिज्य



शीतल महतो
shitalmahato@gmail.com

**लोकतान्त्रिक मूल्य मान्यता र आचरण आत्मसात् गर्ने र सुशासनमा जोड दिने सरकारले उपभोक्तामैत्री बजार स्थापनाका लागि सक्दो प्रयास गर्छ। नेपाली उपभोक्ता मुलुकको सबल अर्थतन्त्रको सारथी कसरी बन्न सक्छ भन्नेतर्फ राजनीतिक नेतृत्व र सरकार संवेदनशील हुनुपर्छ।**

उपभोक्ताको हकहित र अधिकारका सवालमा आवाज बुलन्द पार्दै चैत १ गते अर्थात् मार्च १५ तारिखमा विश्वभरि अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस मनाइएको छ। सन् १९६२ मार्च १५ तारिखमा अमेरिकी राष्ट्रपति जोन अफ केनेडीले उपभोक्ता अधिकारसम्बन्धी विधेयक अमेरिकी काङ्ग्रेसमा प्रस्तुत गरेको सम्झनामा. प्रत्येक वर्ष मार्च १५ तारिखका दिन अन्तर्राष्ट्रिय उपभोक्ता अधिकार दिवस मनाउने गरिएको हो। उपभोक्ता हकहितको सुरक्षा, वस्तु तथा सेवाको स्तरीयता एवं गुणस्तरीयता, छनोटको स्वतन्त्रता र सूचनाको अधिकारको प्रत्याभूति दिलाउने दिशामा उक्त कदम अत्यन्त महत्त्वपूर्ण र सार्थक भएकोले विश्वभरि यो दिनलाई आम उपभोक्ताले अत्यन्त हार्दिकताका साथ लिने गरेका छन्। उपभोक्ता हकहित विस्तारका लागि संयुक्त राष्ट्रसङ्घीय पहल पनि उल्लेख्य छ। सन् १९८५ मा राष्ट्रसङ्घीय महासभाले पारित गरेको यससम्बन्धी अनुबन्धलाई विश्वका अधिकांश मुलुकले अनुमोदन गरिसकेको अवस्था छ। नेपाल पनि यसको हस्ताक्षरकारी राष्ट्रको रूपमा रहेको छ। त्यसैको फलस्वरूप उपभोक्ताको हकहित र अधिकारलाई सबल र सुदृढ तुल्याउनका लागि नेपालले उपभोक्ता संरक्षण ऐन २०५४ तथा नियमावली बनाएर कार्यान्वयनमा ल्याइसकेको छ। यसबाहेक विभिन्न ऐन, नियम, सरकारी नीति तथा निर्देशनले पनि उपभोक्ता अधिकारका संरक्षणको प्रत्याभूति गरेका छन्। ऐन नियम कार्यान्वयनमा आए पनि आम उपभोक्ताले यसको प्रभावकारी सदुपयोग गर्न पाएको छैन। फलस्वरूप यो ऐन, नियम, नीति, निर्देशन यी सबै अहिले 'न कुखुराको चाल, न हाँसको चाल' जस्तै भएको छ। आम उपभोक्ता अहिले पनि पाइला-पाइलामा ठगिने गरेको छ। वाणिज्य विभागले कहिलेकाहीं बजार अनुगमन र छापा मार्ने कार्य गरेर उपभोक्ता हित संरक्षण ऐन कार्यान्वयन गरिरहेको झल्को दिन खोजे पनि समग्रमा त्यो सन्तोषजनक हुन सकेको छैन। 'हात्तीको दाँत देखाउने एउटा र खाने अर्को' जस्तै भएको छ–वाणिज्य कार्यालयको बजार अनुगमन र छापा मार्ने कार्य।

यसरी उपभोक्ता कल्याणका लागि विभिन्न ऐन नियम, कानून र नियमावली आदिको व्यवस्था भएको देखिए पनि यस सम्बन्धी विकराल समस्या र चुनौती अझै धेरै छन्। बजारमा खरीदबिक्रीका लागि राखिएका सरसामान ढुक्क भई प्रयोग गर्न सक्ने अवस्थाको निर्माण हुन सकेको छैन। उपभोक्ता अधिकार संरक्षण र प्रवर्द्धनका लागि मुलुकमा अधिकारप्राप्त विभिन्न निकाय कार्यरत पनि छन् तर तिनका प्रयास अपर्याप्त छन्। ससाना केटाकेटी, बूढाबूढी, रोगी, अशक्तले उपभोग गर्ने दूधसमेत स्वच्छ र स्वस्थ नहुनुले यो विषय उदेकलाग्दो रहेको प्रस्ट हुन्छ। खाद्यान्नमा हुने गरेको मिसावट कथा रोकिएको छैन। घीउ र तेलमा समेत मिसावट चर्को छ। माछा र मासुको बेचबिखन व्यवस्थित हुन नसक्दा अस्वस्थ माछा र मासु खानुलाई यहाँ अनौठो मानिएको छैन। मिठाईमा प्रयोग हुने नक्कली अखाद्य रङ्ग र गुणस्तरहीन तपक आदिको प्रयोग रोक्न सकिएको छैन। हरियो सागसब्जी र तरकारीमा प्रयोग हुने हानिकारक विषादि जनस्वास्थ्यमा जस्तोसुकै घातक हुने देखिए पनि त्यसको प्रयोग हालसम्म रोकिएको छैन।

सिमेन्ट आदिको तौलमा पनि आम उपभोक्ता ठगिएका छन्। औषधी तथा उपचारमा समेत उपभोक्ता मारमा परिरहेका छन्। शुल्कको दृष्टिले मात्र होइन, स्तरीयता तथा सुलभताका हिसाबले पनि उपभोक्ता ठगिंदै आएका छन्। नक्कली एवं प्रतिबन्धित औषधी पसल चलाएका उदाहरण मुलुकभरि व्यापक छ। स्वास्थ्य क्षेत्र मात्र होइन, शिक्षा क्षेत्र पनि अस्तव्यस्त छ। पूर्व प्राथमिक तहदेखि उच्चस्तरीय शिक्षासम्म मनपरीतन्त्रको हालीमुहाली कायमै छ। शुल्क निर्धारणमा अँगालिएका नीति र कार्यक्रमसमेत अव्यावहारिक देखिएका छन्। यसले गर्दा हुनेखाने र हुँदाखानेको लागि शिक्षासमेत विभेदकारी रहेको प्रस्ट देखिन्छ। आवश्यक खानेपानी नपाइरहेको मात्रै होइन, प्राप्त थोरै पानी पनि स्वच्छ, सफा र प्रदूषणरहित नरहनुलाई यहाँ विडम्बना मानिएको छैन। विद्युत्को त कुरा गरेर साध्य नै छैन। यातायात क्षेत्रमा त सबैभन्दा बढी अराजकता देखिएको छ। तराई-मधेसमा यति बेला उखु किसानको बिजोग छ। खेतमैं उखु सुक्न थाल्दा पनि कारखाना सञ्चालकले उखु किन्नु त कताकता, अघिल्लै वर्षको उखुको मूल्य पनि चुक्ता गरेका छैनन्। समग्रमा उपभोक्तामैत्री बजारको यहाँ पूर्णतया अभाव देखिएको छ। मिसावटखोर, मुनाफाखोर र कालोबजारी गर्नेलाई हदैसम्मको कारबाई भएको उदाहरण पाउन गाऱ्हो छ। यदाकदा गरिने बजार अनुगमन प्रक्रियाले कहिलेकाहीं उपभोक्ताको उत्साह बढाएपनि निरन्तरताको अभावमा 'चार दिनको जुनेली फेरि उही अँध्यारो रातै बेहोर्दै आउनुपरेको तीतो यथार्थ यहाँ रहेको छ।

यसरी दैनिक उपभोग्य वस्तुदेखि अत्यावश्यक पेट्रोल, डिजेल र ग्याँसको पनि समय-समयमा कालोबजारी हुने गरेको यथार्थ सबैले बुझेकै हो। दूर सञ्चार सेवादेखि खाद्यान्नसम्मका उपभोक्ता ठगिने क्रम रोकिएको छैन। सामानसँगै भ्याट कील दिने चलन व्यवसायीमा छैन। तर पनि दिनहुँजसो भइरहने अनुगमनले सुधार आउन सकेको देखिएको छैन। मुलुकभित्र झाङ्गिएको सिन्डिकेट र कार्टेलिङप्रति सरकार उदासीन बस्दा मुलुकमा महँगी अनियन्त्रित रूपमा बढ्दै गएको छ। तर पनि सरकारले यसको नियन्त्रण गर्न र बजारमा झाङ्गिंदै गएको अनुशासनहीनता, मिसावट र अराजकता नियन्त्रण गर्न जसरी हस्तक्षेपकारी भूमिका निर्वाह गर्नुपर्दथ्यो, त्यो गर्न सकिरहेको छैन। यसरी कालोबजारी र अस्वाभाविक रूपमा नाफा खाने प्रवृत्तिलाई हतोत्साही पार्दै राज्यले आम उपभोक्तालाई उपभोग्य वस्तुमाथिको सहज र सरल पहुँच उपलब्ध गराउन सक्नुपर्दछ। तर सरकार यसप्रति संवेदनशील देखिएको छैन। 'कहीं नभएको जात्रा हाँडीगाउँमा' भन्ने नेपाली उखान जस्तै यहाँ खाद्यान्न वस्तुमा मिसावट गरी कालोबजारी गर्ने तथा त्यस्ता खाद्यान्न वस्तुको कृत्रिम अभाव सृजना गरी रातारात चर्को मूल्यवृद्धि गरी अस्वाभाविक नाफा आर्जन गर्ने व्यापारीहरूको बजारमा बिगबिगी छ तर आम नागरिकप्रति जिम्मेवारी बोकेको लोकतान्त्रिक सरकारले त्यस्ता व्यापारीहरूलाई कारबाई गर्न सकेको छैन। न चर्कोरूपमा वृद्धि हुँदै गइरहेको मूल्यवृद्धिमाथि नियन्त्रण नै गर्न सकेको छ।

वास्तवमा हरेक व्यक्ति कुनै न कुनै रूपमा उपभोक्ता हो तर उपभोक्ताको अधिकारमाथि अनेक क्षेत्रबाट प्रहार हुँदै आएको छ। प्रकृति, औद्योगिक उत्पादन र बजार अर्थतन्त्रले हरेक व्यक्ति, समाज र पेशालाई अन्तर्निर्भरतामा बाँच्न सिकाइ सकेको छ। आफ्नो अधिकार र मुनाफाका लागि अरूका अधिकारको ख्याल नगर्ने प्रवृत्तिले यतिखेर सिङ्गो मानव समाज आक्रान्त छ। अझ भन्नुपर्दा नेपाली समाज बढी पीडित भएको छ। समाजमा भ्रष्टाचारको सीमा जतिजति गहिरिंदै जान्छ, उपभोक्ता त्यति नै बढी पीडित हुँदै जान्छ। सामान्यरूपमा बलियो र सुशासन दिन सक्ने मुलुकका उपभोक्ता बढी सार्वभौम छन् र उनीहरूको उपभोक्ता अधिकार पनि बढी सुरक्षित हुन्छ। प्रभावकारी र सशक्त लोकतन्त्र नभएका मुलुकमा उपभोक्ता बढी पीडित हुने गरेका हुन्छन्। यस हिसाबले जुन मुलुकमा उपभोक्ताका अधिकार बढी सुरक्षित र संरक्षित छ, त्यो मुलुकको आर्थिक विकास र समृद्धि पनि त्यतिकै बलियो हुन्छ। उपभोक्ताको हकहित र अधिकार जति सबल र सुरक्षित हुँदै जान्छ मुलुक पनि त्यति नै सबल र आत्मनिर्भरमुखी अर्थतन्त्रको विकास गर्दै जान्छ। अन्याय, मुनाफाखोरी, कालोबजारी तथा व्यावसायिक मूल्य मान्यता र आचारसंहिताविपरीतका अनियन्त्रित बजार भएको अर्थतन्त्र कुनै पनि बेला धराशायी हुन सक्छ।

हालै मात्र भारतको नयाँ दिल्ली विधानसभामा ७० स्थानमध्ये आम आदमी पार्टीले ६७ स्थानमा विजय हासिल गऱ्यो। सूचनाको हक आन्दोलनमा लागेका अरविन्द केजरीवालले विशेषगरी आम उपभोक्ताको अधिकारलाई सहीरूपमा सशक्त ढङ्गले उठाए। अघिल्लोपटक मात्र ४९ दिन अल्पमतको शासन गर्दासमेत सीमान्त उपभोक्ताको पानी, विजुली लगायत अधिकार कमभन्दा कम मूल्यमा स्थापित गराउन प्रयास गरे। त्यसैको प्रतिफल होला भर्खरैको निर्वाचनमा अत्यधिक बहुमतले विजयी भयो आम आदमी पार्टी। त्यसैले उपभोक्ताको विषय राजनीतिदेखि अर्थतन्त्रको विकाससम्मका विभिन्न आयामसँग जोडेर हेर्न सकिन्छ। लोकतान्त्रिक मूल्य मान्यता र आचरण आत्मसात् गर्ने र सुशासनमा जोड दिने सरकारले उपभोक्तामैत्री बजार स्थापनाका लागि सक्दो प्रयास गर्छ। त्यसैले अहिलेको बेला नेपाली उपभोक्ता मुलुकको सबल अर्थतन्त्रको सारथी कसरी बन्न सक्ला भन्नेतर्फ राजनीतिक नेतृत्व र सरकार संवेदनशील हुनुपर्दछ।



**हावाहुरीले फूल र टनेलमा क्षतिः** बुधवार आएको हावाहुरीले क्षति पुऱ्याएको भक्तपुरको चाँगुनारायण नगरपालिका-८, बागेश्वरीको एभरग्रीन फ्लोरा एन्ड एग्रिकल्चर फार्ममा बाँसद्वारा निर्मित कार्नेसन फूलको टनेल। हावाहुरीका कारण फार्ममा रहेको फूल र टनेल नष्ट गर्दा रु तीन लाख बराबरको क्षति भएको कृषक बताउँछन्। तस्वीरः रासस

## तीनवटा इन्स्योरेन्स कम्पनी गाभिए

प्रस, वीरगंज, २९ वैशाख/

युनियन लाइफ इन्स्योरेन्स कम्पनी, गुराँस लाइफ इन्स्योरेन्स कम्पनी र प्राइम लाइफ इन्स्योरेन्स कम्पनीबीच एकापसमा गाभिने सहमति भएको छ। शुक्रवार तीनैवटा कम्पनीका अध्यक्षहरूले सहमतिपत्रमा हस्ताक्षर गरेका थिए।

कम्पनीको पूँजीगत आधारलाई मजबूत र सुदृढ गरी प्रतिस्पर्धात्मक क्षमताको विकास गर्दै बीमित, लगानीकर्तालगायत सरोकारवालाहरूको दीर्घकालीन हित संरक्षणको लागि एकापसमा गाभिन लागेको कार्यक्रममा जानकारी गराइएको थियो।

तीनवटै कम्पनीको वित्तीय, मानव संसाधन, प्राविधिक एवं अन्य क्षमता अभिवृद्धि गर्दै सेवाग्राहीलाई आधुनिक प्रविधिजन्य बीमा सेवा सुविधा प्रदान गर्न सहमति भएको पनि बताइएको छ।



तीनवटै कम्पनीका अध्यक्षद्वारा सहमतिपत्रमा हस्ताक्षर गर्दै। तस्वीरः सौजन्य



## चिकित्सकहरूको विवरण

### शिशु तथा बालरोग

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. पन्नालाल पटेल | ९८५५०३४१५५ | सिद्धार्थ मेडिकल हल, नाउक्षे, वीरगंज |
| ५. डा. श्यामसुन्दर दास | | |
| ६. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

### नाक, कान, घाँटी तथा आँखा

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि

### फिजिसियन

१. डा. अरूणाकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

### दन्त

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

### हाड, जोर्नी तथा नसा विशेषज्ञ

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

### आयुर्वेदिक (चेकजाँच)

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

### फिजिसियन तथा मधुमेह विशेषज्ञ

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज

### प्रसूति तथा स्त्रीरोग विशेषज्ञ

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

### एम्बुलेन्स सेवा

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०७२९५०६०


धार्मिक..........

काठमाडौं आएका बेला पशुपतिनाथ मन्दिरलगायत प्रमुख हिन्दू तीर्थस्थलहरूको भ्रमण र प्रार्थनामा उनले बिताएका क्षणले नेपालका धार्मिकस्थलहरूको प्रचारप्रसारमा महत्त्वपूर्ण योगदान पुगेको छ।

कूटनीतिमा 'सफ्ट पावर'को अहम् भूमिका हुन्छ, जुन प्रधानमन्त्री मोदीका सांस्कृतिक एवं धार्मिक यात्रामा प्रतिविम्बित भएको अन्तर्राष्ट्रिय सम्बन्धका जानकारहरू बताउँछन्। आर्थिक सहयोग एवं पूर्वाधार विकास, व्यापार-वाणिज्य, पारवहन, ऊर्जा र जलस्रोतलगायत पारस्परिक सम्बन्धका समग्र पक्षमा छलफल गर्न र आत्मीय सम्बन्धलाई नवीकृत भ्रमणको उपयोग हुनुपर्ने उनीहरूको अभिमत छ।

विश्वको उदीयमान अर्थतन्त्र र विकासको बाटोमा द्रुत गतिमा अघि बढिरहेको भारतबाट मुलुकले अपेक्षित लाभ हासिल गर्न नसकेको कटु यथार्थ हामीले बिर्सनुहुँदैन। र झिनामसिना विषयलाई लिएर दुवै पक्षले दुई राष्ट्रबीचको अनुपम सम्बन्धमा आघात पार्ने गतिविधि कहींकतैबाट पनि हुनुहुन्न उनीहरू बताउँछन्। कार्यकारी सरकार प्रमुखको सर्वोच्च तहमा हुन लागेको यो भ्रमणबाट नेपाल र भारतबीचको धार्मिक, आध्यात्मिक, आर्थिक, शैक्षिक, सांस्कृतिक एवं कूटनीतिक सम्बन्ध अझ प्रगाढ भई पारस्परिक हित प्रवर्द्धन र सघन सहयोगात्मक बनाउन अधिक उपयोग गर्नुपर्ने उनीहरूको सुझाव छ।

दुवै देशको हित र साझा भविष्यका लागि सहकार्य र साझेदारीलाई बढावा दिंदै सुरक्षासम्बन्धी मामिलामा आश्वस्त हुन तथा एकापसका चाहना र आवश्यकताबारे जानकारी लिन यो भ्रमणबाट मदत पुग्ने मात्र नभई सम्बन्धको नवीकरण एवं आत्मीयता प्रकट गर्ने उपयुक्त अवसर हुनेछ।

नेपाललाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति गरी सन् २०३० सम्ममा मध्यम आययुक्त विकासशील मुलुक बनाउने तथा दिगो विकासका लक्ष्य प्राप्त गर्ने नेपालको विकासका विषयलाई टेवा दिने गरी भारतीय सहयोग जुटाउने प्रधानमन्त्री तहमा हुने वार्तालाई अवसरका रूपमा नेपालले उपयोग गर्ने मौका पाउनेछ। द्विपक्षीय व्यापार तथा लगानी अभिवृद्धि, व्यापार असन्तुलन घटाउने, एकअर्कालाई नजीकबाट बुझ्ने, सुखदुःख सुन्ने, सुनाउने तथा साझा रणनीति तयार गर्दै विकासका चुनौती हटाउन भारतको साथ र सहयोगका निम्ति अनुरोध गर्न नेपालका निम्ति यो भ्रमण उपयुक्त हुनेछ।



बुधवार साँझ ८ बजे तिलावे पुलमा लागेको जाममा एम्बुलेन्स, मोटरसाइकल, कार तथा ट्रक आदि। तस्वीरः राजेश मिश्र

# अन्तर्राष्ट्रिय समाचार

## श्रीलङ्कामा नयाँ प्रधानमन्त्री नियुक्त हुँदै

कोलम्बो, २९ वैशाख/एएफपी

श्रीलङ्कालाई हाल परिरहेको डरलाग्दो आर्थिक सङ्कटबाट बाहिर निकाल्ने प्रयासमा रहेका राष्ट्रपति गोटाबाया राजापाक्षेले बिहीवार नयाँ प्रधानमन्त्रीको नाम तय गरेका छन्।

पूर्वप्रधानमन्त्री रनिल विक्रमासिंघे २२५ सदस्यीय संसद्मा ऋसपार्टी समर्थनमा एकता सरकारको नेतृत्व गर्न अग्रपङ्क्तिमा रहेको बताइएको छ।



कोलम्बोमा कर्फ्यू लागू भएपछि सुरक्षार्थ सडकमा सेनाहरू। तस्वीरः एपी

उनलाई आजै शपथ गराइने सम्भावना रहेको राष्ट्रपतिका वरिष्ठ अधिकारीले बताएका छन्। राष्ट्रव्यापी विरोध प्रदर्शनको सामना गर्न राष्ट्रपतिले बुधवार राति राष्ट्रको नाममा टेलिभिजनमा सम्बोधन गरेका थिए।

"म संसद्मा बहुमत र जनताको विश्वास जित्ने प्रधानमन्त्रीको नाम घोषणा गर्नेछु," टेलिभिजन सम्बोधनमा राजापाक्षेले भनेका थिए।

दुई करोड २० लाख जनसङ्ख्या भएको यस देशमा खाद्यान्न, इन्धन र औषधिको चर्को अभाव र विद्युत्मा स्वतन्त्रताको कारण आर्थिक सङ्कटमा फसेको छ। महिन्द्रा राजापाक्षेले सोमवार प्रधानमन्त्री पदबाट राजीनामा दिएका थिए। उनका समर्थकहरूले सरकार विरोधी समर्थकहरूलाई आक्रमण गरेलगत्तै कोलम्बोमा दङ्गा फैलिएको थियो। केही दिनदेखि जारी रहेको यस हिंसामा कम्तीमा नौजनाको मृत्यु हुनुका साथै अन्य २०० जनाभन्दा बढी घाइते भएका छन्। राजापाक्षेका समर्थकहरूले घरहरूमा आगो लगाएका थिए। रासस

## चीन–पाकिस्तान विदेशमन्त्री भेटवार्ता

बेइजिङ, २९ वैशाख/सिन्ह्वा

चिनियाँ विदेशमन्त्री वाङ यी र पाकिस्तानका विदेशमन्त्री बिलावल भुट्टोबीच बुधवार भिडियोमार्फत फोनवार्ता भएको छ। उनीहरूका बीचमा बुधवार भिडियो वार्ता भएको र त्यस क्रममा दुई देशबीचको सम्बन्धका विविध विषयहरूमा कुराकानी भएको समाचारमा जनाइएको छ।

त्यस अवसरमा चिनियाँ विदेशमन्त्री वाङ यीले चीन र पाकिस्तानबीचको सम्बन्ध अद्वितीय रहेको भन्दै यो सम्बन्ध आगामी दिनमा पनि सौहार्दरूपमा अघि बढ्ने बताएका थिए। उनले चीन सधैं पाकिस्तानमा शान्ति र विकासको पक्षका साथै पाकिस्तानको सार्वभौमिकता र अखण्डताका पक्षमा रहेको बताएका थिए।

पाकिस्तानी विदेशमन्त्री बिलावल भुट्टोले आफूले पाकिस्तानको विदेशमन्त्रीको रूपमा चिनियाँ विदेशमन्त्रीसँग कुराकानी गर्न पाउँदा निकै



चिनियाँ विदेशमन्त्री वाङ यी (दायाँ)। तस्वीरः फाइल

खुशी लागेको बताएका थिए। उनले आफू पाकिस्तानको विदेशमन्त्रीमा नियुक्त भएपछि पहिलोपटक चीनका विदेशमन्त्रीसँग कुराकानी गरेको पनि उल्लेख गरेका छन्।

उनले चीनसँग पाकिस्तानको विशेष प्रकारको सौहार्दपूर्ण सम्बन्ध रहिआएको र आगामी दिनमा पनि यो निरन्तर रहने बताएको चिनियाँ समाचार समिति, सिन्ह्वाले जनाएको छ। रासस

## संयुक्त राष्ट्रसङ्घका महासचिवद्वारा खाद्य सुरक्षाका लागि आह्वान

संयुक्त राष्ट्रसङ्घ, २९ वैशाख/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले विश्व खाद्य सुरक्षाका लागि पहल गर्नुपर्ने बताएका छन्। उनले केही वर्षयतादेखि विश्वमा खाद्य सुरक्षाका लागि पहल गर्नुपर्ने अवस्था देखिँदै आएको बताउँदै तर युक्रेन र रूसको द्वन्द्वका कारण पछिल्ला दिनमा समस्या झन् बढी देखिएको बताएका छन्।

विश्वमा दिन प्रतिदिन खाद्य सङ्कट बढ्दै गएको भन्दै यसका लागि केही गर्नुपर्ने उनले बताए। सबै देशलाई खाद्यान्न सुरक्षाका लागि पनि विशेष खालका कार्यक्रमहरू लक्षित गर्न आग्रह गरेका छन्। उनले अहिले विश्वमा खाद्य असुरक्षा बढ्दै गएको र त्यस्तै अवस्था आफूले हालै गरेको युक्रेन र रूसको भ्रमणका क्रममा पनि देखिएको भन्दै यसका लागि केही गर्नुपर्नेमा उनले सबैलाई आग्रह गरेका हुन्।

हिजो भियनामा आयोजित पत्रकार सम्मेलनमा उनले सो कुरामा जोड दिएका थिए। रूस–युक्रेन द्वन्द्वका कारण यहाँ इन्धनको आपूर्तिमा समस्या देखिएको र त्यसबाट उत्पन्न भएको समस्याबाट हाल ती दुई देश मात्र नभएर बाहिरी विश्व पनि समस्यामा परेको महासचिव गुटेर्रेसको भनाइ छ। रासस



महासचिव एन्टोनियो गुटेर्रेस

## राष्ट्रपतिद्वय सी र बाइडेनद्वारा राष्ट्रपति मार्कोसलाई बधाई

बेइजिङ, २९ वैशाख/एएनआई

चिनियाँ राष्ट्रपति सी जिनपिङले फिलिपिन्स गणतन्त्रको राष्ट्रपतिमा निर्वाचित भएकामा फर्डिनान्ड रोमुआल्डेज मार्कोसलाई बधाई सन्देश पठाएका छन्।

सिन्ह्वा समाचार एजेन्सीका अनुसार राष्ट्रपति सीले चीन र फिलिपिन्स समुद्रपारि एकअर्काको सहयोग गर्ने साझेदारहरू भएको बताएका छन्। मे १० मा पूर्वराष्ट्रपति फर्डिनान्ड मार्कोसका छोरा फर्डिनान्ड मार्कोस जुनियर भारी मतले सो पदमा विजयी भएका हुन्।

राष्ट्रपति सीका अनुसार द्विपक्षीय सम्बन्ध सुदृढ भएको छ, जसले दुवै देशका जनतालाई फाइदा पुऱ्याएको छ र क्षेत्रीय शान्ति र स्थिरतामा योगदान दिएको छ।

उनले चीन र फिलिपिन्स दुवै विकासको महत्त्वपूर्ण चरणमा रहेकोले महत्त्वपूर्ण अवसरहरूको सामना गर्न सहकार्य हुनुपर्नेमा जोड दिए।

त्यस्तै, अमेरिकी राष्ट्रपति जो बाइडेनले पनि मार्कोस जुनियरलाई बिहीवार टेलिफोन गर्दै बधाई दिएको र आफू निर्वाचित राष्ट्रपतिसँग निरन्तर काम गर्न तत्पर रहेको कुरामा जोड दिएका छन्। रासस


### वीरगंज महानगरपालिकाको सूचना

सार्वजनिक यातायातका साधनहरूमा महिला, अपाङ्ग तथा ज्येष्ठ नागरिकहरूको लागि आरक्षित सिट राख्नुपर्ने व्यवस्था बमोजिम वीरगंज महानगर क्षेत्रभित्र सञ्चालित सार्वजनिक सवारीसाधनहरूमा सो व्यवस्था गर्न सम्बन्धित सबैमा सूचित गरिन्छ। साथै सो व्यवस्था पालना नगरिएको पाइएमा कानूनबमोजिम कारबाई हुने जानकारी गराइन्छ।

वीरगंज महानगरपालिका कार्यालय



### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याहन १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे


## आचारसंहिताको गम्भीर उल्लङ्घन पाइए जरिवाना र कारबाई–आयुक्त भण्डारी

काठमाडौं, २९ वैशाख/रासस

निर्वाचन आयोगले शुक्रवार हुने स्थानीय तह निर्वाचनको मौन अवधिमा आचारसंहिताको पालनामा कडाइ गर्दै सूक्ष्म अनुगमन संयन्त्र सक्रिय तुल्याएको छ। गत चैत २५ गतेदेखि लागू भएको निर्वाचन आचारसंहिता, २०७८ निर्वाचन हुने ४८ घण्टाअघि शुरू भएको मौन अवधिका लागि थप कडाइ गरिएको हो।

यस अवधिमा आफ्ना पक्षका उम्मेदवारलाई सामाजिक सञ्जालबाट मत मागेको विषयमा नेकपा (एमाले)का उपमहासचिव पृथ्वी सुब्बा गुरुङ र नेकपा (माओवादी केन्द्र)का वाग्मती प्रदेश कमिटी सदस्य गङ्गा दाहाललाई आचारसंहिता उल्लङ्घन हुने गरी मौन अवधिमा क्रियाकलाप गरेको विषयमा आयोगले वैशाख २८ गते २४ घण्टे स्पष्टीकरण सोधेको छ।

आयोगले आचारसंहिताविपरीत दल र उम्मेदवार तथा अन्य पक्षले गर्न सक्ने क्रियाकलापको अनुगमनका लागि विभिन्न तहमा संरचना बनाएको छ। आयोगका अनुगमन हेर्ने आयुक्तको संयोजकत्वमा केन्द्रीय आचारसंहिता अनुगममन समिति, जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला आचारसंहिता अनुगमन समिति र स्थानीय तहमा निर्वाचन अधिकृतको संयोजकत्वमा स्थानीय तहको आचारसंहिता अनुगमन समितिको प्रबन्ध गरिएको छ। सहायक निर्वाचन अधिकृतलाई अनुगमन अधिकृत तोकेको छ। यी संरचनाका अतिरिक्त विशेष संवेदनशील मानिएका जिल्ला र पालिकामा विशेष अनुगमनका लागि अधिकार प्रत्योजनसहित १७ वटा विशेष अनुगमन टोली खटाइएको छ। सो टोलीले आचारसंहिताविपरीत दल र उम्मेदवारले झन्डा, गाडी प्रयोग गरेमा, अनधिकृत सामानको ओसारपसार वा रकम वितरण गरेको पाइएमा कब्जामा लिएर तत्काल कारबाई गर्न वा कुनै समस्या परेमा आयोगलाई तत्काल जानकारी गराउनेछ। आयोगले आचारसंहिता कार्यान्वयन भएयता विभिन्न दलका शीर्ष नेता, मुख्यमन्त्री, उम्मेदवार, सरकारी ओहोदामा रहेका व्यक्ति, पत्रकारका सङ्गठन र सञ्चारमाध्यमलाई गरी करीब एक सय स्पष्टीकरण सोधको छ।

त्यसमध्ये केहीलाई ध्यानाकर्षण र सचेत गराइएको छ भने अनुगमन र छानबीनको क्रम जारी राखेको छ। आयोगमा अनुगमन हेर्ने निर्वाचन आयुक्त रामप्रसाद भण्डारीको संयोजकत्वमा केन्द्रीय अनुगमन समिति गठन गरिएको छ। आयुक्त भण्डारीले हालसम्मको जानकारीमा उम्मेदवारले द्वेषपूर्ण



निर्वाचन आयुक्त रामप्रसाद भण्डारी

अभिव्यक्ति दिएको, सञ्चारमाध्यम र पत्रकारले पालना गर्नुपर्ने आचरण पालना नगरेको, निर्वाचन प्रचारका क्रममा बालबालिकाको प्रयोग गरेको, आर्थिक प्रलोभन देखाइएको, कतिपय सरकारी कर्मचारीले कुनै दलको पक्षधरता देखाएको जस्ता प्रकृतिका उजुरी प्राप्त भएको बताए।

आचारसंहिता उल्लङ्घन गर्नेलाई आयोगले स्पष्टीकरण मात्र सोध्ने हो कि अन्य कारबाई पनि गर्ने हो ? भन्ने प्रश्नमा आयुक्त भण्डारीले भने, "प्राकृतिक न्यायका आधारमा उल्लङ्घनकर्ता वा त्यसको आरोप लागेका व्यक्तिलाई सफाइको मौका दिनका लागि पनि स्पष्टीकरण सोध्नुपर्ने हुन्छ। प्राप्त जवाफ र तथ्य, प्रमाणका आधारमा सामान्य घटना भएमा तामेलीमा राख्ने, गलती गरेको अवस्थामा जवाफकर्ताले आत्मालोचना गरेमा वा गलती नगर्ने प्रतिबद्धता जनाएमा सचेत गराउने कारबाई हुन्छ। गम्भीर प्रकृतिको उल्लङ्घन भएको पाइएमा जरिवाना र अन्य कारबाईबारे निर्णय गरिन्छ।"

भण्डारीका अनुसार आचारसंहिता सबैका लागि उत्तिकै लागू हुने र आयोगको स्रोत साधनले सबैतिर अनुगमन गर्न पहुँच नपुगेको हुन सक्ने भएकाले यसमा सचेत नागरिक, जिम्मेवार सबै पक्षले सघाउनुपर्छ। उनले राजनीतिक दलहरूले पालना गर्ने हो भने धेरै हदसम्म उल्लङ्घनका घटना नहुने जनाउँदै भने, "आचारसंहिता एक नैतिक र कानूनी बन्धन हो। कतिपय सन्दर्भमा पालनामा असहयोग गर्ने प्रवृत्ति रहेको हुन सक्छ। तर सबैले इमानदारिताका साथ लागू गर्ने हो भने समस्या आउँदैन। मूलतः आचारसंहिता प्रभावकारीरूपमा कार्यान्वयन गर्नकै लागि जारी भएको हो।" मौन अवधिमा कुनै माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्न तथा मतदातालाई प्रभाव पार्ने किसिमका कुनै पनि गतिविधि गर्न नपाइने हुँदा सो अवधिमा उम्मेदवार, दलका कार्यकर्ता तथा सम्बन्धित व्यक्तिको सम्बन्धमा निगरानी राखी त्यस्तो गतिविधि हुन नदिने तथा मतदानको दिन मतदातालाई सुरक्षितरूपमा मतदान केन्द्रसम्म पुग्न र मतदान केन्द्रबाट फर्किनसक्ने वातावरण निर्माण गर्न आयोगले आह्वान गरेको छ।

सो अवधिमा मतदातालाई कुनै पनि प्रकारको अवरोध हुन नदिन आवश्यक व्यवस्था मिलाउन मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत तथा सबै स्थानीय प्रशासनलाई आयोगले निर्देशनसमेत दिएको छ। निर्वाचनको व्यवस्थापकीय कार्यलाई थप सहज बनाउन, राजनीतिक दल तथा उम्मेदवारबाट हुने अवाञ्छित गतिविधिलाई रोक्न तथा मतदानका लागि सुरक्षित तथा भयरहित वातावरण सिर्जना गर्न निर्वाचनमा मौन अवधि आवश्यक हुन्छ।

मौन अवधिमा राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भ्रातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नहुने, राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री राखिएको भए तत्काल हटाउनुपर्ने, कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न वा निर्वाचन प्रचारप्रसार गर्न नहुने, सामाजिक सञ्जाल, अनलाइन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोस्ट वा शेयर गर्न, गराउन हुँदैन।

## १४ किलो गाँजासहित एकजना पक्राउ

प्रस, सर्लाही, २९ वैशाख/

१४ किलो गाँजासहित एकजना युवकलाई सर्लाही प्रहरीले पक्राउ गरेको छ। मलङ्गवा नगरपालिका–८ निवासी १९ वर्षीय रुस्तमकुमार यादवलाई गाँजासहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

प्लास्टिकको पोकामा गाँजा बोकेर हिंडिरहेको अवस्थामा उनलाई राजश्री हलनजीकैबाट पक्राउ गरिएको सर्लाही प्रहरीका प्रवक्ता एवं प्रनाउ माधवप्रसाद बुढाथोकीले जानकारी दिए। प्रहरीले उनको साथबाट १३ किलो ९ सय ग्राम गाँजा बरामद गरेको छ।

### आजको राशिफल

| राशि | फल |
| --- | --- |
| मेष | कडाश्रम |
| वृष | सुसमाचार |
| मिथुन | भयचिन्ता |
| कर्कट | मित्रमिलन |
| सिंह | अतिथिआगमन |
| कन्या | सुयश |
| तुला | खर्चवृद्धि |
| वृश्चिक | धनलाभ |
| धनु | सफलता |
| मकर | प्रगति |
| कुम्भ | शारीरिककष्ट |
| मीन | व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## आगामी जेठ २ गतेसम्म अदालत बन्द रहने

काठमाडौं, २९ वैशाख/रासस

स्थानीय तहको निर्वाचन र सार्वजनिक बिदाका कारण सर्वोच्च अदालतसहित देशभरका अदालत आगामी जेठ २ गतेसम्म बन्द हुने भएको छ। सर्वोच्च अदालतका सहप्रवक्ता देवेन्द्र ढकालले बिहीवार जारी गरेको सूचनामा यही वैशाख ३० गतेदेखि आगामी जेठ २ गतेसम्म स्थानीय तहको निर्वाचन एवं सार्वजनिक बिदा परी लगातार चार दिन अदालत बन्द रहने उल्लेख छ।

अदालतले न्याय प्रशासन ऐन, २०७३ को दफा २६ बमोजिम आगामी जेठ २ गते सोमवारका दिन बन्दी प्रत्यक्षीकरणको सुनुवाइ गर्ने प्रयोजनार्थ बिहान ११ देखि अपराह्न ३ बजेसम्म सर्वोच्च अदालत खुला रहने जनाएको छ।

### आजदेखि...........

घण्टामा नघट्ने गरी पठनपाठनका कार्य सञ्चालन गर्न आइतवार बिदा दिंदा अपुग भएका समय हिउँदे, वर्षे र अन्य बिदामा कटाइ पूर्ति गर्ने व्यवस्था गर्ने गरी वार्षिक क्यालेन्डर तयार पार्न स्थानीय सरकारलाई निर्देशन गरेको छ। यस अवधिमा हिउँदे तथा वर्षे बिदा ५० दिनलाई घटाएर ३० दिन बिदा एकैपटक दिने वा पटक–पटक गरी दिने भन्नेबारेमा स्थानीय तहले क्यालेन्डर बनाउन सक्ने व्यवस्था गरिएको छ।

त्यसैगरी, आसन्न निर्वाचनका लागि आजदेखि छ दिनसम्म विद्यालय बन्द हुने भएका छन्। निर्वाचनका लागि धेरैजसो सामुदायिक तथा निजी विद्यालयमा मतदान केन्द्र राखिएको, धेरै शिक्षक निर्वाचनमा खटेका र शिक्षक तथा कक्षा १२ मा अध्ययनरत विद्यार्थी मतदानका लागि गाउँ फर्किएकाले आजदेखि आगामी जेठ २ गतेसम्मका लागि विद्यालय बन्द गरिने भएको हो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले ७७ वटै शिक्षा विकास तथा समन्वय एकाइलाई मतदान केन्द्र कायम भएका विद्यालयमा २८ देखि ३० गतेसम्म तीन दिन बिदा दिन निर्देशन दिए पनि शनिवार, १ गते आइतवार तथा २ गते बुद्धजयन्तीको सार्वजनिक बिदा परेकाले छ दिन विद्यालय तथा कार्यालय बन्द हुने भएको हो।


### माइग्रेशन हराएको सूचना

वीरगंजबाट काठमाडौं जाने क्रममा म साक्षीकुमारी कर्णको प्लस टुको ओरिजनल ट्रान्सक्रिप्ट र माइग्रेशन सर्टिफिकेट हराएको हुनाले पाउनु हुने महानुभावले ९८०१०३२८४० मा खबर गरे आभारी हुने थिएँ।

# रिसाललाई नइ कीर्तिनिधि र प्राडा भट्टराईलाई नइ चन्द्रधन पुरस्कार दिइने

काठमाडौं, २९ वैशाख/रासस

नइ प्रकाशनले नेपालमा स्तरीय शिक्षा प्रणालीका लागि गुरुत्तर भूमिका निर्वाह गरी शिक्षा सेवामा समर्पित शिक्षाविद् डा सुरेशराज शर्मालाई २०७८ सालको 'नइ देरुनीख सुकीर्ति पुरस्कार' समर्पण गर्ने निर्णय गरेको छ।

प्रकाशनका अध्यक्ष इन्दिरा प्रसाईंको अध्यक्षतामा बसेको प्रकाशनको बैठकले सनातन हिन्दू धर्म, संस्कृतिको संवर्द्धन, संरक्षण तथा जागरणाका लागि क्रियाशील प्राडा माधव भट्टराईलाई 'नइ चन्द्रधन पुरस्कार' समर्पण गर्ने निर्णय पनि गरेको छ।

नेपालको स्वाभिमान, राष्ट्रिय अखण्डता र स्वतन्त्रता विषयक चिन्तन र प्रचारमा सदैव समर्पित भई मातृभूमिप्रति गरेको विशिष्ट योगदानका निम्ति वरिष्ठ पत्रकार भैरव रिसाललाई 'नइ कीर्तिनिधि पुरस्कार' समर्पण गरिने भएको प्रकाशनका सदस्यसचिव नरेन्द्रराज प्रसाईंले विज्ञप्ति जारी गरी जानकारी दिए।

यस्तै, सामाजिक जागरण र जनचेतनाका लागि हास्यव्यङ्ग्यमार्फत देशदेशान्तरमा नेपाली भाषालाई जनप्रिय बनाउन उद्यत कलाकार सन्तोष पन्तलाई 'नइ भूपालदुर्गा पुरस्कार', नेपाली समालोचनाको परम्परालाई गतिशील, समृद्ध र उन्नत तुल्याउन योगदान गरेबापत प्राडा दयाराम श्रेष्ठलाई 'नइ ईश्वर बराल पुरस्कार', स्वास्थ्य विज्ञानमा समर्पित रहँदै नेपालमा टेस्टट्युब चिकित्साको गुरुत्तर भूमिका, सफल प्रयोग र योगदानका लागि डा भोला रिजाललाई 'नइ भावी पुरस्कार' र गीतिकविता लेखनका माध्यमबाट नेपाली भाषालाई जनप्रिय बनाइ जनमन छुन सफल प्रेमविनोद नन्दनलाई 'नइ कोइलीदेवी पुरस्कार' समर्पण गरिने भएको छ।

मैथिली तथा नेपाली भाषासाहित्यको श्रीवृद्धिमा योगदान पुऱ्याइ नेपाली राष्ट्रिय एकताको सुदृढीकरणका निम्ति उल्लेखनीय भूमिका खेलेबापत डा रामदयाल राकेशलाई भने 'नइ भाजप पुरस्कार' दिइनेछ। आठै पुरस्कार ताम्रपत्रसहित जनही रु एक लाख राशिको हुने जनाइएको छ।

■■■

# विशिष्ट व्यक्तित्व र शीर्ष नेताको मतदान कहाँबाट ?

काठमाडौं, २९ वैशाख/रासस

स्थानीय तह निर्वाचन सम्मुखमा आइपुगेको छ। भोलि वैशाख ३० गते देशभर एकै चरणमा निर्वाचन हुँदैछ। नगर, गाउँ बाहिर रहेका मतदाता निर्वाचनका लागि आआफ्नो मतदाता नामावली भएको स्थानीय तहमा पुगिसकेका छन्।

मुलुकका विशिष्ट व्यक्तित्व, प्रधानमन्त्री, विभिन्न राजनीतिक दलका शीर्ष नेता, मन्त्रिपरिषद्का सदस्य पनि मतदानका लागि आआफ्नो क्षेत्रमा पुगिसकेका छन्। प्रधानमन्त्री शेरबहादुर देउवा मतदानका लागि डडेल्धुरा पुगिसकेका छन्। प्रधानमन्त्री देउवाले डडेल्धुराको गन्यापधुरा गाउँपालिकाको रूवाखोलास्थित असिग्राम माध्यमिक विद्यालयस्थित मतदान केन्द्र (ख)बाट मतदान गर्नेछन्। सभामुख अग्निप्रसाद सापकोटाले सिन्धुपाल्चोकको चौतारा साँगाचोकगढी नगरपालिका–४ कुविण्डेस्थित सेतीदेवी पञ्चकन्या माध्यमिक विद्यालयमा रहेको मतदान केन्द्रमा मतदान गर्नेछन्।

राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले पर्वतको मोदी गाउँपालिका–७ राम्जास्थित पशुपति माविमा रहेको मतदान केन्द्रबाट मतदान गर्नेछन्। यसैगरी, पूर्वप्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले भक्तपुरको सूर्यविनायक नगरपालिका–२ बालकोटस्थित महेन्द्र शान्ति माविस्थित 'क' मतदान केन्द्रबाट मतदान गर्नेछन्।

पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड चितवनको भरतपुर महानगरपालिका–१४ शान्तिपुरस्थित नेपाल प्रहरी विद्यालयमा रहेको मतदान केन्द्रबाट मतदान गर्नेछन्। यस्तै, पूर्वप्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले रौतहटको गौर नगरपालिकाबाट, पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका सम्मानित नेता झलनाथ खनालले इलामबाट मतदान गर्नेछन्।

पूर्वप्रधानमन्त्री एवं जनता समाजवादी पार्टीका सङ्घीय परिषद् अध्यक्ष डा बाबुराम भट्टराईले गोरखाको पालुङटार नगरपालिका–१ स्थित अन्नपूर्ण मावि र मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मीले काठमाडौंको मध्यबानेश्वरमा रहेको मतदान केन्द्रबाट मतदान गर्नेछन्।

नेपाली काङ्ग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले तनहुँको व्यास नगरपालिका–२ को सत्यवती मावि केन्द्रबाट मतदान गर्नेछन्। यस्तै, एमालेका वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले टोखा नगरपालिका–६ स्थित नमोबुद्ध मावि मतदान केन्द्रबाट मतदान गर्नेछन्। एमाले उपाध्यक्ष रामबहादुर थापाले चितवनको भरतपुर महानगरपालिका–१० स्थित नारायणी नमूना माध्यामिक विद्यालय र उपाध्यक्ष सुरेन्द्र पाण्डेले राप्ती नगरपालिका–५ भण्डारास्थित भण्डारा अस्पताल केन्द्रबाट मतदान गर्नेछन्।

यस्तै, काङ्ग्रेसका नेता शेखर कोइरालाले मोरङको विराटनगर महानगरपालिका–७ स्थित आदर्श मावि, माओवादीका नेता नारायणकाजी श्रेष्ठले गोरखाको सिरान्चोक गाउँपालिका–८ स्थित परोपकार माविबाट मतदान गर्नेछन्। माओवादी नेता हरिबोल गजुरेलले सिन्धुलीको कमलामाई नगरपालिका–४ स्थित कमला माध्यमिक र नेता मातृकाप्रसाद यादवले धनुषाको सबैला नगरपालिका–२ स्थित रामप्रसाद उच्च माविबाट मतदान गर्नेछन्।

सत्ता गठबन्धनका तर्फबाट काठमाडौं महानगरपालिकाको प्रमुखको उम्मेदवार बनेकी नेपाली काङ्ग्रेसकी नेत्री सिर्जना सिंहले पकनाजोलस्थित युवक मावि मतदान केन्द्र, नेकपा (एमाले) उम्मेदवार केशव स्थापितले बागबजारस्थित पद्मकन्या बहुमुखी क्याम्पस र स्वतन्त्र उम्मेदवार बालेन्द्र साहले गैरीगाउँस्थित अन्नपूर्ण विद्यालयमा रहेको मतदान केन्द्रबाट मतदान गर्नेछन्।

यसैगरी, भरतपुर महानगरपालिकाको प्रमुखमा माओवादीकी उम्मेदवार रेणु दाहालले भरतपुर महानगरपालिका–१४ स्थित आधारभूत विद्यालय सुन्दरबस्ती, एमालेका उम्मेदवार विजय सुवेदीले भरतपुर महानगरपालिका–१२ स्थित मोहन मावि र स्वतन्त्र उम्मेदवार जगन्नाथ पौडेलले कृष्णपुर माविबाट मतदान गर्नेछन्।

देशभरका कुल १० हजार ७५६ मतदानस्थलमा रहेका २१ हजार ९५५ मतदान केन्द्रमा बिहान ७ बजेदेखि मतदान कार्य शुरू हुनेछ। मतदान कार्य अपराह्न ५ बजेसम्म जारी रहनेछ। ऐतिहासिक निर्वाचनबाट ७५३ स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष, वडाध्यक्ष, दलित महिला सदस्य, महिला सदस्य र खुला वडासदस्य गरी कुल ३५ हजार २२१ जना निर्वाचित हुनेछन्। जस अन्तर्गत छ महानगरपालिका, ११ उपमहानगरपालिका र २७६ नगरपालिकामा गरी २९३ प्रमुख र उपप्रमुख, ४६० गाउँपालिकामा एक/एक जना अध्यक्ष र उपाध्यक्ष, छ हजार ७४३ वडामा वडाध्यक्ष, सोही सङ्ख्यामा महिला र दलित महिला सदस्य तथा १३ हजार ४८६ खुला वडा सदस्य निर्वाचित हुनेछन्।

स्थानीय तह सदस्य निर्वाचनमा ८९ लाख ९२ हजार १० पुरुष, ८७ लाख ४१ हजार ५३० महिला र १८३ अन्य गरी कुल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका छन्। यसपटकको निर्वाचनमा बिहीवारसम्म १८ वर्ष उमेर पूरा भएका बालिग मतदाताले मतदानको अवसर पाएका छन्।

# बर्दिबासका नगरप्रमुखमाथि आक्रमणको प्रयास

प्रस, महोत्तरी, २९ वैशाख/

बर्दिबास नगरपालिकाका प्रमुख उम्मेदवार विदुर कार्कीमाथि आक्रमण प्रयास भएको छ। स्वतन्त्र उम्मेदवार प्रह्लाद क्षेत्री समूहका केही युवाले आक्रमण प्रयास गरेको नगरप्रमुख कार्कीले बताए।

कामको सिलसिलामा वडा नं ६ स्थित घुरन महतोको घरमा भेटघाट गर्न गएको बेला जम्मा भएका युवकहरूको समूहले आक्रमणको प्रयास गरेको स्थानीयले बताए। प्रत्यक्षदर्शीका अनुसार केही युवा आएर गालीगलौज गर्दै भिडियो बनाउँदै आक्रमणको प्रयास गरेका थिए।

माओवादी केन्द्र मधेस प्रदेशका नेतासमेत रहेका कार्की मत माग्न गएको भन्दै अभद्र व्यवहार गरेको पीडित पक्षको आरोप छ। भिडियोमा महतोले भेटघाटको लागि बोलाएको स्वीकार गरेका छन्। उनले भने, "मैले मेयरलाई घरायसी भेटघाटको लागि बोलाएको थिएँ। उनीहरू आएर अभद्र व्यवहार गरे," उनले भने।


नगरप्रमुख विदुर कार्की

यता, नेपाली काङ्ग्रेसबाट टिकट नपाएपछि बागी उम्मेदवार बनेका क्षेत्री समूहले भने नगरप्रमुख विदुर कार्की मत माग्नै गएको दाबी गरेको छ।

जिल्ला निर्वाचन कार्यालय, महोत्तरीका प्रमुख सुबोधकुमार महतोका अनुसार अहिलेसम्म कार्कीले राजीनामा नदिएकाले जनप्रतिनिधिको रूपमा जनतासँग भेटघाट गर्न आचारसंहिताले नरोक्ने बताए।

उनले भने, "उहाँ कुन आशयले जानुभयो, त्यो थाहा छैन तर जनप्रतिनिधि जनताको समस्यामा जतिबेला पनि जान पाउनुपर्ने हो।"

यसबारेमा इलाका प्रहरी कार्यालय, बर्दिबासका प्रमुख रवि रावलले आफूलाई जानकारी नभएको बताए।

# मतदान केन्द्रमा मतदानका लागि तयारी धमाधम

महोत्तरी, २९ वैशाख/रासस

महोत्तरीका सबै मतदानस्थलका मतदान केन्द्रमा मत खसाल्नका लागि तयारी पूरा गरिएको छ। जिल्लाका १५ स्थानीय तहका २५८ मतदानस्थलका ४९७ मतदान केन्द्रमा मतदानलाई व्यवस्थित गर्न तयारीका काम भइरहेको जिल्लास्थित मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

"मतदान कार्य सम्पन्न गर्न हाम्रो सबै जनशक्ति सम्बन्धित मतदानस्थल र मतदान केन्द्रमा काममा छन्," मुख्य निर्वाचन अधिकृत दीपकप्रसाद खरेलले भने, "सबै मतदान स्थल र केन्द्रमा खटिएका कर्मचारीले सुरक्षा घेरा व्यवस्थित गर्ने, मतदाता परिचयपत्र वितरण गर्ने र मतदानको तरीकाबारे बुझाउन लागिपरेका छन्, यी सबै कार्य आज साँझसम्म सम्पन्न भइसक्नेछन्।"

जिल्लाका सबै मतदान स्थल र केन्द्रको सुरक्षा संवेदनशीलताबारे अध्ययन गरिएको र सोअनुरूप सुरक्षा व्यवस्था मिलाइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। "आम मतदाताले भयरहित भई मतदान गर्न सकून् भन्ने ध्येयलाई प्राथमिकतामा राखिएको र सो अनुसार व्यवस्था गरिएको छ," प्रमुख जिल्ला अधिकारी वासुदेव दाहालले भने, "आम मतदातालाई निर्धक्क भएर मतदान गर्न हाम्रो आग्रह छ।"

दक्षिणतर्फ भारतसँगको ३८ किलोमिटर सीमा जोडिएको छ। स्थानीय तहका मतदानस्थलको सुरक्षा व्यवस्थामा पर्याप्त जनशक्ति परिचालन गरिएको छ। यस्ता ठाउँको सुरक्षा व्यवस्था विशेष चासोसाथ गरिएको जिल्ला प्रशासनले जनाएको छ। "नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीको टोली परिचालित छन्, सबैतिर अनुगमनको व्यवस्था मिलाइएको छ," उनले भने, "यद्यपि मुख्य पक्ष आम मतदाता, दलहरू र उम्मेदवारमा सकारात्मक चासो हुनुपर्छ।"

मङ्गलवार मध्यरातदेखि नै मौन अवधि शुरू भएको छ। यसै अवधिमा मतदानमा प्रभाव पार्न भोजभतेर, एकअर्को पक्षबीच भनाभन, दल र उम्मेदवारका कार्यकर्ता समूहमा निस्कनेजस्ता कार्यले निर्वाचन सुरक्षा र निष्पक्षतामा असर पार्ने हुँदा यस्तो कार्य नगर्न लगातार सचेत गराइएको निर्वाचन कार्यालले जनाएको छ।

आचारसंहिता सबै पक्षबाट परिपालना गराउन अनुगमन भइरहेकाले अवाञ्छित गतिविधि भए तत्काल कारबाई गरिने बताइएको छ। स्थानीय तहको निर्वाचनका लागि यसपालि जिल्लामा तीन लाख ३६ हजार ९५ मतदाता छन्।






# गलत सूचनामा समातिएका व्यक्ति छुटे

प्रस, वीरगंज, २९ वैशाख/

निर्वाचनमा मतदातालाई चामल बाँडेको आरोपमा प्रहरीले एकजनालाई पक्राउ गरी सोधपूछपछि छाडेको छ। वीरगंज–२१ मा एकजना व्यक्तिले मतदाताहरूको घरमा पुगेर चामलको कूपन बाँडेको सूचना प्रहरीलाई पाएपछि प्रहरीले सो ठाउँबाट एकजनालाई पक्राउ गरेको थियो।

पक्राउ परेका व्यक्ति चामलको कारोबारी भएको र निजले त्यस्तो कार्य नगरेको प्रमाण फेला परेपछि सोधपूछपछि छाडिएको पर्सा प्रहरीका प्रवक्ता ओमप्रकाश खनालले बताए। उनले सो स्थानमा मतदाताहरूलाई निज व्यक्तिले चामलको कूपन बाँडिरहेको भन्ने आरोपसहित सूचना आएपछि प्रहरीले तत्काल कारबाई अगाडि बढाएको तर पक्राउ परेका व्यक्तिबाट आरोप अनुसारको कार्य गरेको नपाइएपछि छाडिएको बताए।

### आफूमाथि.........

उनले आरोप झूटो भएको बताउँदै आफू वा आफ्ना कार्यकर्ताले कुटपिट नगरेको दाबी गरिन्। उनले पैसा बाँडिरहेको भन्ने खबर आएपछि आफूहरू घटनास्थलमा पुगेको बताइन्।

रौतहटका सशस्त्र प्रहरी उपरीक्षक ध्रुवबहादुर कार्कीले रकम बरामद नभएको बताउँदै रातिको समय भएकोले निवर्तमान नगरप्रमुख मेहताको गाडी तोडफोड भएको र ढुङ्गा प्रहारबाट उनलाई सामान्य चोट लागेको बताए। उनले निर्वाचनको समयमा विभिन्न किसिमका हल्ला र अफवाह चलिरहेको पनि दाबी गरे।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | स्थानीय तहको निर्वाचन | | बिहान ७ बजेदेखि |

# धनुषामा निर्वाचन तयारी पूरा

धनुषा, २९ वैशाख/रासस

भोलि शुक्रवार हुने स्थानीय तह निर्वाचनका लागि सुरक्षा व्यवस्थासहित सबै तयारी पूरा भएको छ। जिल्लाका १८ स्थानीय तहका मतदान केन्द्रमा मतपेटिका र मतपत्रलगायतका आवश्यक सामग्री पुगिसकेको छ। जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रवक्ता प्रदीपबहादुर क्षेत्रीले स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्नका लागि सबै मतदानस्थलमा म्यादीसहितको सुरक्षाकर्मी परिचालन भइसकेको जानकारी दिए।

जिल्ला निर्वाचन कार्यालयका अनुसार निर्वाचनमा भाग लिने ३२ राजनीतिक दल र स्वतन्त्र उम्मेदवारसहित छ हजारभन्दा बढी उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। आज मतदाता परिचयत्रपत्र वितरण गर्नुका साथै मतदाता शिक्षा अन्तर्गत मतदान गर्ने तरीकासम्बन्धी जानकारी दिइएको मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले जानकारी दिएका छन्। उनका अनुसार जिल्लामा ३२३ मतदानस्थल र ५९६ मतदान केन्द्र कायम गरिएका छन्।

**सीमानाका बन्द**

निर्वाचनलाई मध्यनजर गर्दै जिल्लामा स्थानीय प्रशासनले भारतसँग जोडिएका सीमानाका बन्द गरेको छ भने मदिरा बिक्री वितरण निषेध गरेको छ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले स्थानीय प्रशासन ऐन, २०२८ तथा स्थानीय तह निर्वाचन निर्देशिका, २०७९ का विभिन्न व्यवस्था अनुसार आदेश जारी गरिएको जानकारी दिए। मङ्गलवार राति १२ बजेदेखि नै मतदान कार्य सम्पन्न नभएसम्मका लागि जिल्लाभरि सबै प्रकारका मादक पदार्थ (मदिरा)को बिक्री वितरण र सेवन कार्य निषेध गर्नुका साथै मङ्गलवार राति १२ बजेदेखि ३० वैशाखसम्म भारतीय सीमासँग जोडिएका सीमानाकासमेत पूर्णरूपमा बन्द गरिएको उनले जानकारी दिए।


सर्पको टोकाइबाट बचौं र बचाऔं

- सर्पले टोकेको व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरून्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारीसाधनमा घाइतेलाई बसाएर सर्पले टोकेको ठाउँसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक)तिर नलागौं,
- आफ्नो नजीकको सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड